का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ कात्तिक २०८१,
आइतबार
27 October, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २५१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

खबरदारी सभा

## सडकबाट दबाब

भ्रष्टाचार र सुशासनप्रति सरकारको प्रतिबद्धतामाथि प्रमुख प्रतिपक्षीले सडकबाटै प्रश्न उठाएको छ । सरकारलाई काम गर्न नदिन खोजेको भनेर सत्तापक्ष विरोधको प्रतिवाद गरिरहेको छ ।



संसदको रोस्ट्रम मात्र होइन, परिआए सडकमा ल्याएर जवाफ माग्नेछौं । संसदको रोस्ट्रममा भद्र तरिकाले जवाफ मागिन्छ । धेरै अभद्र भयो भने घिसारेर सडकमै अभद्र तरिकाले जवाफ मागिनेछ ।

■ प्रचण्ड
अध्यक्ष, माओवादी केन्द्र

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १० कात्तिक ।

सरकारले एक सय दिन पार गरे लगत्तै प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सडकबाट खबरदारी गर्न थालेको छ । शनिवार काठमाडौंमा खबरदार सभा नै आयोजना गरेर माओवादीले भ्रष्टाचार र सुशासनप्रति सरकारको प्रतिवद्धतामा प्रश्न उठायो । नेताहरूले प्रमुख दुई दल मिलेर बनेको सरकार लोकतन्त्रकै लागि खतरा हुन सक्ने बताए ।

तर, सरकारलाई काम गर्न नदिन खोजेको भनेर सत्तापक्ष प्रतिपक्षीको प्रदर्शनको विरोधमा छ । प्रधानमन्त्री केपी शर्मा ओलीले नै नेपाली कांग्रेस र नेकपा एमालेबाट लोकतन्त्र विरोधी कुनै गतिविधि नहुने बताएका छन् ।


काठमाडौंको भृकुटीमण्डबाट माओवादी केन्द्रका नेताहरूले सरकारमाथि प्रश्न गरिरहेका थिए । राजधानीमै वन तथा वातावरण मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सरकारले लोकतन्त्रलाई मर्न नदिने प्रतिवद्धता जनाइरहेका थिए ।

कोप–२९ सम्मेलनको पूर्वसन्ध्यामा वन तथा वातावरण मन्त्रालयले आयोजना गरेको राष्ट्रिय जलवायु सम्मेलनको क्रममा प्रधानमन्त्री ओलीले एमाले र नेपाली कांग्रेसले लोकतन्त्र मर्न नदिने बताएका हुन् ।

प्रधानमन्त्री ओलीले भनेका छन्, 'नेपालको राजनीतिक, सामाजिक इतिहासमा, परिवर्तनका कुराहरुमा >>> पृष्ठ २ मा




*नेकपा माओवादी केन्द्रले शनिबार काठमाडौंमा गरेको खबरदारी सभामा सहभागी नेता/कार्यकर्ता । तस्बिरः गोपाल दाहाल/रासस*




## संविधान संशोधनबारे जनताको राय लिन सुझाव

वर्तमान सरकारसँग दुई तिहाइ बढी बहुमत छ । यो संसदीय अंकगणितसहितको सरकार बनाउँदा नेपाली कांग्रेस र नेकपा एमालेले समयानुकूल संविधान संशोधन गर्ने बाचा गरेका थिए । बाचाअनुसार अगाडि बढ्न सरकारलाई संविधान र कानूनका जानकारहरूको सुझाव छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० कात्तिक ।

संविधान र कानूनका जानकारहरू संविधान संशोधनबारे जनताको राय अनिवार्य रहेको बताउँछन् । संविधान संशोधन प्रक्रिया अघि बढाउनु अगाडि जनताको राय लिइए प्रभावकारी, दिगो र अधिकतम स्वीकार्य हुने उनीहरूको राय छ ।

शनिवार काठमाडौँमा प्रजातान्त्रिक विचार समाजले राखेको कार्यक्रममा सहभागी वक्ताहरूले नेपालको संविधान जारी भएको १० वर्षका अवधिलाई सूक्ष्म रूपमा मूल्यांकन आवश्यक रहेको बताएका हुन् । सूक्ष्म रूपमा मूल्यांकन गरेर देश र जनताका पक्षमा संविधान संशोधन गरिनुपर्ने उनीहरुको राय छ ।



*शनिबार काठमाडौँको बसुन्धारामा प्रजातान्त्रिक विचार समाजले आयोजना गरेको संविधान संशोधन विषयक अन्तरक्रिया कार्यक्रममा मन्तव्य राख्दै समाजका अध्यक्ष कुलचन्द्र वाग्ले । तस्बिरः हरिराम भेटुवाल/रासस*

वक्ताहरूले प्रजातान्त्रिक मूल्यमान्यता र समावेशी सिद्धान्तलाई आत्मसात् गरी संविधान संशोधन गर्नुपर्नेमा जोड दिए ।

संविधान संशोधनको मुद्दालाई प्राथमिकतामा राखेर नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमालेले बर्तमान सरकार बनाएका >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### युरोपभन्दा जापानको रोजगारी आकर्षक

## आगामी १० वर्षमा जापानलाई एक करोड विदेशी कामदार चाहिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपाली कामदारका लागि जापानमा रहेको रोजगारी युरोपकोभन्दा आकर्षक र सुरक्षित रहेको बताएका छन् । दशैंअघि जापान भ्रमणमा गएका मन्त्री भण्डारीले जापानी स्वास्थ्य, श्रम र कल्याणमन्त्रीलगायतसँग नेपाली कामदारको अवसरबारे छलफल गरेका थिए । कमाइ, सीप सिक्ने र श्रम संस्कारका हिसावले युरोपभन्दा जापानको रोजगारी आकर्षक रहेको मन्त्री भण्डारीको दावी थियो ।

जापानले नेपालसहित फिलिपिन्स, इन्डोनेशिया, म्यानमार, चीन, कम्बोडिया, मंगोलिया, थाइल्याण्ड र भियतनामलगायतका देशबाट कामदार लैजाने गरेको छ । सन् २०२५ देखि २०३५ सम्म १० बर्षका लाहि जापानमा १ करोड विदेशी कामदार आवश्यक हुने बताइएको छ । हाल जापानमा कामदार पठाउने पूर्वी एशियाली मुलुकहरूमध्ये भियतनाम, थाइल्याण्ड र इन्डोनेशियामा तीव्र आर्थिक विकास भइ आफ्नो देशमा नै रोजगारीका अवसर सिर्जना भएकाले ती मुलुकबाट कामदार जाने क्रम घटेको छ ।

भियतनाम, थाइल्याण्ड र इन्डोनेशियाबाट जापान जाने कामदार रोकिँदा नेपालीका लागि उक्त अवस्था अवसर बन्ने देखिएको मन्त्री भण्डारीले औंल्याएका हुन् ।

जापानमा जनसंख्या वृद्धिदरमा तीव्रताका साथ कमी आएको छ । कामदारको अभावले सप्लाई कम्पनी र डाइभरहरूको अभावले ठूलाठूला लरी सञ्चालनमा अहिले नै समस्या देखिएकाले ती कामका लागि नेपालीले अवसर पाउने सम्भावना बढेको पनि मन्त्री भण्डारीको भनाइ छ । त्यसका लागि सीप र तालिमसहित जापानी भाषा जानेको हुनुपर्ने विषयलाई भने जापानी पक्षले प्रमुख शर्तकारूपमा अघि सारेकाले त्यसमा नेपालले ध्यान दिन आवश्यक देखिएको पनि मन्त्री भण्डारीको भनाइ छ ।

श्रम क्षेत्रमा नयाँ सहकार्यका लागि नेपालसँग काम गर्न आफूहरु आतुर रहेको भन्दै जापानी पक्षले दुई देशबीचको श्रमसम्बन्धी समझदारी कार्यान्वयनमा सहजीकरण गर्न चाँडै नै संयुक्त कार्यसमितिको बैठक बसी बाँकी काम सम्पन्न गर्न चाहना राखेको मन्त्री भण्डारीले बताए ।

गत असोजमा जापानको टोकियोमा आयोजना गरिएको जापान-नेपाल रोजगार सम्मेलनमा प्रमुख अतिथि तथा प्रमुख वक्ताको रूपमा सहभागी भएका मन्त्री भण्डारीले जापानका तीन जना मन्त्रीसँग नेपाली कामदारका बारेमा छलफल गरेका थिए । तीनै जना मन्त्री नेपाली कामदारबारे उत्सुक थिए । नेपालमा भाषा र सीप परीक्षा पास गरेका धेरै युवायुवती जापान जाने प्रतीक्षामा रहेका छन् । तर उनीहरुलाई वैदेशिक रोजगार व्यवसायीसँगको साझेदारीमा वा सरकार-सरकारबीचको सम्झौताका आधारमा पठाउने भन्नेबारे लामो समयदेखि देखिएको अन्योल हटेको छैन ।

उक्त अन्योलताको फाइदा उठाउँदै जापानी भाषा प्रशिक्षण केन्द्रहरूले महँगो रकम असुली गरी व्यक्तिगतरूपमा विद्यार्थी भिसामा कामदार पठाउने गरेका छन् । राजधानीमा रहेका कतिपय जापानी भाषा प्रशिक्षण केन्द्रहरूले विद्यार्थी भिसामा जापान पठाउने भन्दै २० लाख रूपैयाँसम्म उठाउने गरेको बताइएको छ । तर उनीहरूमाथि अनुगमन हुन सकेको छैन । जापानमा औद्योगिक मेसिन उत्पादन उद्योग, इलेक्ट्रिक तथा >>> पृष्ठ २ मा

## बेइजिङ प्लसमा नेपालले नेपाली महिलाको प्रगति सुनाउने

सन् २०२५ को मार्चमा अमेरिकाको न्यूयोर्कमा बेइजिङ प्लस ३० समीक्षा हुँदैछ । उक्त समीक्षामा नेपालले नेपाली महिलाको प्रगति सुनाउने तयारी गरेको हो ।



स्थानीय सरकारमा ४१ प्रतिशत महिला सहभागिता, राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला हुनुपर्ने संवैधानिक प्रावधान, महिलाले न्यायपालिका र व्यवस्थापिका हाँकेको राष्ट्रपतिमा दुई कार्यकाल महिला रहेको उदाहरण अर्को कुन मुलुकको छ ? यसकारण नेपालबाट अन्य मुलुकले सिक्नुपर्छ ।

■ नवल किशोर साह सुडी
मन्त्री, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

**शिव विक/मध्यान्ह**
काठमाडौं, १० कात्तिक ।

सरोकारवालाहरूले बेइजिङ प्लस ३० मा नेपालका एजेन्डाले प्राथमिकता पाउने विश्वास व्यक्त गरेका छन् ।

सन् २०२५ को मार्चमा अमेरिकाको न्यूयोर्कमा बेइजिङ प्लस ३० समीक्षा हुँदैछ । उक्त समीक्षामा नेपालले नेपाली महिलाको प्रगति सुनाउने तयारी गरेको छ ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवल किशोर साह सुडी बेइजिङ प्लस रिभ्यूमा नेपालले नागरिक समाजहरुको तर्फबाट नेपाली महिलाको सामाजिक, राजनीतिक र आर्थिक प्रगतिको विषय उठान गर्ने बताउँछन् ।

बेइजिङ प्लस ३० का बारेमा भएको >>> पृष्ठ २ मा

VACANCY Announcement
A leading foreign recruitment agency is seeking the following position urgently.
SALARY - No Bar for Deserving candidates
PRO - 4 Male/ Female
Qualification: - More than 5 years of Experience in Manpower Field
DK River Overseas (P.) Ltd.
(Govt.Lic. No. 1102/073/074)
Tokha-9, Gangabu, Kathmandu, Tel: 014980932/ 014982214
Mobile : 9705012551 / 9851219532, Email: dkriverhr@gmail.com

# विभिन्न पार्टी परित्याग गरी ५ सय बढी नेता कार्यकर्ता माओवादीमा प्रवेश

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १० कात्तिक



नेकपा माओवादी केन्द्रमा ५ सय ३८ जना प्रवेश गरेका छन्। नेकपा माओवादी केन्द्र जुम्लाले खस भाषा र सभ्यताको केन्द्र सिञ्जा कनका सुन्दरीको गोरु चौरमा आयोजना गरेको जनसभा तथा पार्टी प्रवेश कार्यक्रममा विभिन्न राजनीतिक पार्टी परित्याग गरी उनीहरू माओवादीमा प्रवेश गरेका हुन्।

पार्टी प्रवेश गर्नेमा नेपाली कांग्रेस, नेकपा ऐमाले, नेमाकिपा र नेकपा (एकिकृत समाजवादी),स्वतन्त्रलगायत विभिन्न पार्टीका नेता तथा कार्यकर्ता छन्।

कनका सुन्दरी गाउँपालिका ८ का स्वतन्त्रबाट निर्वाचित वडाध्यक्ष धन बहादुर कामी र चनाखी कुलाला र गोल दमाईसहित ३ सय ७२ जनाएकै चोटी माओवादी प्रवेश गरेका हुन्।

नेपाली कांग्रेसबाट पार्टी परित्याग गरी तिला तिनका लाल प्रसाद उपाध्यायलगायत ४१ जना माओवादीमा प्रवेश गरेका छन्। उनीहरूले माओवादी आन्दोलनले उत्पीडित समुदायको सवाल, नेतृत्वलाई स्थापित गरेको बताए।

पछिल्लो समयमा राजनीतिक व्यवस्था रूपान्तरणमा नेतृत्वदायी भूमिका खेलेको भन्दै पार्टी प्रवेश गरेको उनीहरुको दाबी छ।

त्यस्तै नेकपा (एकिकृत समाजवादी) बाट ३५ जना माओवादीमा प्रवेश गरेका छन्। उनीहरूले गरिब, श्रमजीवी, महिला र उत्पीडित समुदायले न्याय, समानता र आत्म सम्मान प्राप्त गर्ने राजनीतिक व्यवस्था माओवादी भएको बताए।

एमाले परित्याग गरी माओवादीमा प्रवेश गर्नेमा पुर्व कर्णाली प्रदेश कमिटी सदस्य राज बहादुर खत्रीलगायत ८८ जना रहेका छन्। उनीहरूले समावेशिता,संघीयता, धर्मनिरपेक्षता लगायतका मुद्दा माओवादी केन्द्रले उठाएको बताउँदै आफू माओवादी केन्द्रमा प्रवेश गरेको उल्लेख गरे।

नेपाल मजदुर किसान पार्टी परित्याग गरी २ जना माओवादी केन्द्रमा प्रवेश गरेका छन। विप्लवको पार्टीबाट ३ जना माओवादी केन्द्रमा प्रवेश गरेका छन्। उनीहरूले परिवर्तनको पक्षधर माओवादी भएको बताउँदै पहिचान पक्षधर एकजुट हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा बोल्दै जुम्ला जिल्ला इन्चार्ज तथा कर्णाली प्रदेशका पूर्व कानुनमत्री नरेश भण्डारीले मुलुकको राजनीतिक परिवर्तन माओवादीकै कारण भएको भन्ने कुरा जनताले बुझेको बताए। उनले प्राप्त उपलब्धिको रक्षा गर्ने दायित्व पार्टीको रहेको बताए। उनले माओवादी कमजोर हुँदा जनताका अधिकार समेत कमजोर हुने बताउँदै उनले पार्टीलाई रुपान्तरणसहित सशक्त बनाउन आवश्यक भएको बताए।

त्यस्तै माओवादी केन्द्र जुम्लाका संयोजक नवराज न्यौपाने (बिमुख)ले पार्टी प्रवेश कार्यक्रम कास्टिङ मात्र भएको बताए। उनले बिभिन्न पार्टी परित्याग गरी नेतासहित ठूलो पंक्ति माओवादी केन्द्रमा प्रवेश गर्ने खुलासा गरे। उनले भने,'१० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वले राज्यसत्तालाई नै बलियो चुनौती दिएको संसारकै कम्युनिस्ट क्रान्ति माओवादीले गरेको हो।'

पूर्व प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) प्रमुख अथिति रहेको जुम्लाको कनका सुन्दरीमा आयोजित कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी प्रवेश गर्ने ५ सय ३८ जनाको नाम लिष्टको सूची तयारी पारिएको नेकपा माओवादी केन्द्र जुम्लाका जिल्ला संयोजक न्यौपानेले बताए।

# निबन्धकार मुकुन्द शर्माको 'धोबीघाट मेलोडी' लोकार्पण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० कात्तिक



गीतकार एवं साहित्यकार मुकुन्दराज शर्माको निबन्धसंग्रह 'धोबीघाट मेलोडी' एक कार्यक्रमबीच लोकार्पण भएको छ।

लिट्ल एन्जल्स स्कुलका प्रिन्सिपल रहेका शर्माको पुस्तक शनिबार विमोचन भएको हो। निबन्धसंग्रहको विद्यालयका संस्थापक एवं राज्यमन्त्री उमेश श्रेष्ठ, ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन, विद्या लिम्बु, डा.दयाराम श्रेष्ठ, कुमारी लामा, एसपी कोइराला, विष्णुविभु घिमिरे, अशेष मल्ल, श्रीओम श्रेष्ठ रोदन, शकुन्तला शर्मा, निर्मला शर्मा, विन्नी श्रेष्ठ तथा मान्यता शर्माले विमोचन गरेका थिए।

विमोचनपछि सबैले क्रमैसँग सो पुस्तक लेखकका स्वर्गीय पिताको तस्बिर अगाडि समर्पण गरिएको थियो। कार्यक्रम अलि पृथक थियो, कुनै पनि व्यक्तिलाई मञ्चको व्यवस्थापन गरिएको थिएन। सबैजना दर्शकदीर्घामा नै थिए। विमोचनपछि लेखक शर्माकै शब्द रहेको गीत गाइएको कार्यक्रममा पुस्तकका प्रकाशक तथा कामना न्यूज पब्लिकेसन्स्का प्रबन्ध सम्पादक दिरेकलाल श्रेष्ठले स्वागत मन्तव्य राखका थिए। कामनाका सीईओ श्रेष्ठले शर्माको दोस्रो कृति पनि प्रकाशन गर्न पाउनु आफ्नो अहोभाग्य भएको बताए। उनले आफ्ना गुरु शर्माको निबन्धले आफ्नो मन छोएको कारण प्रकाशन गर्ने मौका पाएको बताए।

विमोचित कृतिमाथि हरिहर शर्माले आशीर्वचन दिएका थिए भने लेखक स्वयम्ले निबन्धांश वाचन गरेका थिए।

ओम श्रेष्ठ, अशेष मल्ल, विष्णुविभु घिमिरे तथा एसपी कोइरालाले शुभकामना मन्तव्य दिएका थिए। शुभकामना मन्तव्यका क्रममा ओम श्रेष्ठले शर्माको निबन्धसंग्रहमा मौलिकपन भएको बताए।

अर्का व्यक्तित्व अशेष मल्लले निबन्धकारले भावलाई समेटेर लेखिएको भाषाशैली गज्जबको भएको बताए।

उनले पृथक भाषाशैली प्रयोग गर्न सक्नु निबन्धकारको खुसी भएको बताए। उनले अहिले शंकर लामिछानेको निबन्धभन्दा कम नभएकाले दोस्रो शंकर लामिछानेको उपमा दिए।

कुमारी लामाले आफ्नो समीक्षात्मक मन्तव्य राख्दै उत्कृष्ट लेखन भएको बताए। अर्का समीक्षक प्रा.डा दयाराम श्रेष्ठले शर्माका निबन्धमा कविताको रिदम, कथात्मक म्युजिकल नोट, चिमोट्नुको मीठो ताल, जीवन-दर्शनको सुर, पाठकमैत्री सिम्फोनी, प्रतिक्रियात्मक साउन्ड पज तथा केही नितान्त प्राइभेट गीतको नाद सौन्दर्य पाइएको बताए। उनले भने- 'शब्द शिविरपछिको यो धोबीघाट मेलोडी कम तेजिलो, वेगिलो र जोसिलो छैन, उहाँको गद्यशैलीले मलाई पागलै बनायो।'

त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि तथा ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले भने, 'साहित्यमा कुनै नामै छैन, यस्तोमा मलाई बोलाएर अन्याय गरेको हो कि पुरष्कृत गरेको हो थाहा नै भएन।' राजनीतिक व्यक्तित्वलाई साहित्यिक कार्यक्रममा बोलाएर धोबीघाटसम्म जोडेकोमा उनले आभार व्यक्त गरे। उनले आफ्नो खेत नै धोबीघाटमुनि भएको र पुस्तकको नामकरण पनि धोबीघाट भएर आएकोमा हर्ष व्यक्त गरे। मेयर महर्जनले शिक्षा समितिको बैठकमा शैक्षिक व्यक्तित्व मुकुन्द सरले बोलेपछि आफूले बोल्नुपर्ने कुनै आवश्यकता नरहने बताए। काममा समर्पण विचारमा स्पष्टता नै चिरिबाबुको पर्याय बनेको उनको भनाइ थियो।

डा. मुनीश शर्माले आफ्ना अभिभावक तथा गुरुहरुको योगदानको स्मरण गर्दै धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रमका सभापति एवं संस्थापक उमेश श्रेष्ठले ३०/३५ वर्ष अघिसम्म राम्रो रहेको साहित्यिक क्षेत्र अहिलेको पुस्तामा आइपुग्दा अलि घटिरहेको हो कि भन्ने लागेको बताए। उनले यस्तो विषम परिस्थितिमा मुकुन्द सरको कृति आउनु गौरवको विषय भएको बताए। बलासाहित्य नाटक भएको देश राम्रो मानिले बताउँदै उनले आफ्नो संस्थाबाट ३७ हजार विद्यार्थी पासआउट भएर गएपनि साहित्यको क्षेत्रमा कमै मात्र आएको बताए। आफ्नो संस्था ४४ वर्षमा पुगेको चर्चा गर्दै उनले यो धोबीघाटको मेलोडी जनजनमा पुग्न सकोस् भनी शुभकामना दिएका थिए।

उनले भने,'संस्कार हराउँदै गएको समयमा यसले कोशेढुंगा सावित गरोस्।'

२ सय २ पृष्ठको सो निबन्धसंग्रह शनिबारबाट नेपालभर पाइने भएको छ। पुस्तकको मूल्य ५ सय रहेको प्रकाशकले जनाएको छ। यस निबन्धभित्र २४ वटा निबन्धको संग्रह छ।

## खबरदारीसभा...

नेकपा एमाले र नेपाली कांग्रेस सदैव अग्रणी रहेका हुन्। यी दुइटा पार्टीले असाधारण योगदान गरेका छन्। यिनको प्रतिवद्धता छ- डेमोक्रेसी मर्न दिँदैनन्।'

खबरदारी सभाबाट भने माओवादी नेताहरूले सरकारमाथि प्रश्न गरिरहेका थिए।

प्रकृतिक विपद्को बेला सरकारले उपस्थिति जनताले अनुभत गर्न नसकेको आरोप लगाए। नेकपा एमालेले पार्टी कार्यालय बनाउन मिनबहादुर गुरुङसँग १० रोपनी १४ आना जग्गा र भवन समेत लिन लागेको विषयलाई जोडेर प्रश्न उठाए। उपसभामुख इन्दिरा राना र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउन खोजेको भनेर खबरदारी गरे। राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याएर विपक्षी दलहरू फुटाउन लागेको आरोप लगाए।

सरकार एक पछि अर्को गलत कार्यमा अगाडि बढिरहेको दाबी गर्दै प्रचण्डले उठेका प्रश्नहरूबारे संसदको रोष्ट्रमबाट भद्र जवाफको अपेक्षा गरेको बताए। अन्यथा, सडकमै घिसारेर भएता पनि जवाफ खोज्ने चेतावनी दिए।

'संसद्को रोष्ट्रममा भद्र तरिकाले जवाफ मागिन्छ। धेरै अभद्र भयौ भने सडकमै घिसारेर, सडकमै जवाफ मागिन्छ' प्रचण्डले अगाडि भने, 'तिमीहरूलाई के लाग्छ ? माओवादी मऱ्यो भन्ने लाग्छ ? जे गरेपनि हुन्छ भन्ने लाग्यो ? जवाफ दिनुपर्दैन भन्ने लाग्या छ ? खबरदार !'

यसअघि माओवादी केन्द्रसहितका विपक्षी दलहरूले प्रधानमन्त्री ओलीलाई नै भनेर ज्ञापनपत्र बुझाएका थिए। राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर प्रधानमन्त्री ओलीलाई बुझाएको ज्ञापनपत्रबारे जानकारी गराएका थिए। विपक्षी दलहरू सरकारको आलोचनामा उत्रिएपछि शुक्रबार सत्तारुढ दलहरूले संयुक्त वक्तव्य निकालेर सडकबाट सरकार नफेरिने भन्दै प्रतिवाद गरेका थिए।

## संविधान...

हुन। सरकारको प्राथमिकता नै संविधान संशोधन भएकाले सरकार त्यसतर्फ अग्रसर हुनुपर्नेमा पनि उनीहरुको जोड छ।

वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपानेले मुलुकमा न्याय, प्रशासन, धर्म, संस्कृति, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा देखिएका विकृति, विसंगति देखा ।रेको बताए। सेवा प्रवाहमा रहेको ढिलासुस्तीको न्यूनीकरण गर्दै राजनीतिक स्थायित्व, सुशासन र समृद्धिका लागि संविधान संशोधन हुनुपर्ने उनको सुझाव छ।

संविधानसभा सदस्य जगदीशनरसिंह केसीले विद्यमान संविधान संशोधनका लागि बौद्धिकजगत्बाट नेतृत्वदायी भूमिका निर्वाह हुनुपर्ने बताए। व्यावहारिक एवं वस्तुनिष्ट ढंगबाट सुझाव दिन सम्बद्ध सबैसँग अनुरोध गरे।

प्रजातान्त्रिक विचार समाजका अध्यक्ष कुलचन्द्र वाग्ले र निवर्तमान अध्यक्ष डा केदार नरसिंह केसीले केही संवैधानिक प्रावधान, शासकीय स्वरुप र शासन सञ्चालन विधिबारे समीक्षा आवश्यक रहेको बताए। कानुनी राज्य, शक्ति बाँडफाँटलगायतका मुद्दामा विभिन्न कोणबाट प्रश्न उठ्न थालेको यथार्थलाई मध्यनजर गरी संविधान संशोधनका पक्षमा आवश्यक बहस पैरवी गर्नुपर्नेमा जोड दिए। सरोकारवालाहरूले शिक्षा, स्वास्थ्य, समाजसेवालगायत अधिकांश क्षेत्रमा अस्वस्थ, गैरजिम्मेवार एवं विवेकहीन राजनीति हाबी भएको चर्चा गर्दैसमयसापेक्ष एवं जनमुखी संविधानका पक्षमा वकालत गर्नुपर्ने धारणा राखे।

अहिले शिक्षा, स्वास्थ्य, बैंक तथा वित्तीय संस्थाजस्ता सेवामूलक क्षेत्रमा समेत राजनीतिक गतिविधिले प्रश्रय पाउनु दुःखद भएको उल्लेख गर्दै उनीहरूले पेसा-व्यवसायका रुपमा भन्दा सेवाभावसहितको संस्कारयुक्त राजनीतिक प्रणाली स्थापनाका पक्षमा उभिनुपर्नेमा जोड दिए।

वर्तमान सरकारसँग दुइ तिहाइ बढी बहुमत छ। यो संसदीय अंकगणितसहितको सरकार बनाउँदा कांग्रेस र एमालेले समयाअनुकुल संविधान संशोधन गर्ने बाचा गरेका थिए। बाचा अनुसार अगाडि बढ्न सरकारलाई संविधान र कानूनका जानकार हरूको सुझाव छ।

## युरोपभन्दा...

इलेक्ट्रोनिक्स उद्योग, नर्सिङ तथा स्याहार, भवन सरसफाइ र व्यवस्थापन, कच्चा माल उत्पादन उद्योगदेखि कृषि, मत्स्यपालन तथा अक्वाकल्चर, खाना तथा पेय पदार्थ उत्पादन, खाद्य सेवा, निर्माण, पानी जहाज निर्माण तथा मेसिनरी उद्योग, अटोमोबाइल मर्मतसम्भार, उड्डयन तथा होटलसम्बन्धी उद्योगमा विदेशी कामदारको माग रहेको छ। उक्त अभावलाई पूर्ति गर्न जापानले तीन वर्षअघि नै विदेशी कामदार भर्नासम्बन्धी नयाँ नीति ल्याएको थियो। तर निजी क्षेत्रलाई दिँदा ठगी हुने नेपालमा रहेको सरकारी सोचले जापान सरकारले लिएको लचिलो नीतिको लाभ नेपालीले पाउन नसकेको पटक-पटक प्रष्ट भएको छ।

हाल जापानमा नेपालीको संख्या १ लाखभन्दा धेरै रहेको छ। नेपाली रेस्टुरेन्ट ५ हजारभन्दा बढी छन्। ती रेष्टुरेन्टमा नेपाली नै काम गर्छन्। तर उनीहरूमध्ये अधिकांश विद्यार्थी भिसामा गएका हुन्। उनीहरूले हप्ताको २८ घण्टाभन्दा बढी काम गर्न पाउँदैनन्। यसले गर्दा उनीहरूको कमाइ खान बस्नकै लागि नपुग्ने अवस्था छ। वर्कपर्मिट लिएर सहजरूपमा नेपाली कामदार जान पाए मन्त्री भण्डारीले भने झैं टाढाको गन्तव्य युरोपको जोखिम मोल्नुभन्दा रोजगारीका लागि एशियाली गन्तव्य जापान उपयुक्त हुने धेरैको भनाइ छ।

## बेइजिङ...

राष्ट्रिय समीक्षा गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री सुडीले बेइजिङ समीक्षा र कार्ययोजना महिला सशक्तिकरणको लागि दूरदर्शी एजेन्डा भएको बताए।

निजी र सार्वजनिक सबै क्षेत्रहरूमा महिला सशक्तिकरणको लागि सरोकारका क्षेत्रहरु पहिचान भएको उल्लेख गर्दै उनले बेइजिङ प्लस ३० समीक्षाले महिला र बालिकाहरूको सशक्तिकरणलाई समर्थन गर्ने र भविष्यका लागि महत्वपूर्ण नीतिगत निर्णयहरूमा योगदान पुऱ्याउने बताए।

विश्वका अन्य मुलुकलाई नेपालको स्थानीय सरकारमा ४१ प्रतिशत महिला सहभागिताको विषय अनुसरण गर्न लायक हुने गरी सुनाइने बताए। राज्यका हरेक निकायमा ३३ प्रतिशत सहभागिता, न्यायपालिका र व्यवस्थापिका प्रमुख भएर महिलाले खेलेको भूमिका, राष्ट्रपतिका दुई कार्यकाल महिलाले नेतृत्व गरेको विषय अन्य मुलुकले अनुसरण गर्न लायक रहेको सुनाए।

उनी भन्छन्, 'स्थानीय सरकारमा ४१ प्रतिशत महिला सहभागिता, राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला हुनुपर्ने संवैधानिक प्रावधान, महिलाले न्यायपालिका र व्यवस्थापिका हाँकेको राष्ट्रपतिमा दुई कार्यकाल महिला रहेको उदाहरण अर्को कुन मुलुकको छ ? यसकारण नेपालबाट अन्य मुलुकले सिक्नुपर्छ।'

१९९५ मा चीनको बेइजिङमा चौथो विश्व महिला सम्मेलन भएको थियो। उक्ता सम्मेलनको घोषणा र कार्यमञ्चले पारित गरेको १२ वटा सवालका विषयमा छलफल चलिरहेको छ।

चौथो विश्व महिला सम्मेलनले महिलाको मानव अधिकार, महिला र बालिकाको सशक्तिकरणसँग सम्बन्धित बेइजिङ घोषणा र कार्यमञ्चले महिला र गरिबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिला विरुद्ध हिंसा लगायतका १२ वटा सरोकारका सवालहरु पारित गरेको थियो।

उक्त सम्मेलनले बेइजिङ घोषणा र कार्यमञ्च कार्यान्वयन गर्नका लागि नेपाल सरकारले हस्ताक्षर गरी प्रतिवद्धता गरे बमोजिम हरेक पाँच वर्षमा त्यसको प्रगति, कार्यान्वयन गर्दा सामना गरेका चुनौती, अवसर र कार्यान्वयन गर्न बाँकी रहेका कामहरुको प्रतिवेदन तयार गर्नेछ।

जसले लैंगिक समानता, बालिका र महिला सशक्तिकरणको सवाललाई थप जोडका साथ महिला र बालिकाको आवाजहरु स्थानीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तहसम्म पुऱ्यान अवसर प्रदान गर्दछ। त्यसबाट अन्य मुलुकले सिक्ने यो सम्मेलनको प्रमुख उदेश्य हो।

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development & Building Construction**
**Project Office of Urban Development & Building Construction**
**Bhadrapur-Jhapa**

**Invitation for Bids (IFB):- 02/2081-82**

**First date of publication: 2081/07/11B.S. (2024/10/27)**

Project Office of Urban Development & Building Construction (PUDBC), Jhapa invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding procedure. The details are in the bidding document.

| S. N. | Contract ID | Description of Work | Bid Validity/ Bid Bond Validity Period | Estimated Amount (Without VAT& Contingencies) | Bid security Amount | Bid-Price (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | PUDBC/JHAPA/ WORK/NCB/12/81-82 | Infrastructure Development Work in Domalal Stadium Birtamode -3 Jhapa | Minimum 90 days /120 days from the last date of bid submission | 85,52,863.59 | 250,000.00 | 3000 |
| 2 | PUDBC/JHAPA/ WORK/NCB/13/81-82 | Upgradation of Road from Mahendra highway –City Hospital- Atithi Sadan Birtamode -01. | Minimum 90 days / 120 days from the last date of bid submission | 98,41,521.82 | 290,000.00 | 3000 |
| 3 | PUDBC/JHAPA/ WORK/NCB/14/81-82 | Upgradation of Jagat Basti Baisabadi road Birtamode jhapa | Minimum 90 days / 120 days from the last date of bid submission | 98,37,552.53 | 290,000.00 | 3000 |
| 4 | PUDBC/JHAPA/ WORK/NCB/15/81-82 | Upgradation of Road Dhimal Chowk East Pragati marga Birtamode -05 jhapa. | Minimum 90 days / 120 days from the last date of bid submission | 85,54,618.17 | 250,000.00 | 3000 |
| 5 | PUDBC/JHAPA/ WORK/NCB/16/81-82 | Construction of Mohan Maya Secondary School Building Birtamode -2 Jhapa. | Minimum 90 days /120 days from the last date of bid submission | 85,61,882.96 | 250,000.00 | 3000 |
| 6 | PUDBC/JHAPA/ WORK/NCB/17/81-82 | Road upgradation of Jagriti Marga at Bhadrapur Municipality ward no. 7 Jhapa | Minimum 90 days /120 days from the last date of bid submission | 85,70,300.59 | 250,000.00 | 3000 |
| 7 | PUDBC/JHAPA/ WORK/NCB/18/81-82 | Road upgradation of Nariwalgaachi Rajbanshi chowk to Prabhudham at Gauradaha Municipality 8, Jhapa | Minimum 90 days /120 days from the last date of bid submission | 85,59,313.00 | 250,000.00 | 3000 |
| 8 | PUDBC/JHAPA/ WORK/NCB/19/81-82 | Road upgradation of Nilkantha tole at Damak Municipality 07, Jhapa | Minimum 90 days /120 days from the last date of bid submission | 1,30,87,588.23 | 390,000.00 | 3000 |
| 9 | PUDBC/JHAPA/ WORK/NCB/20/81-82 | Road upgradation of Goldhap bazar to Srijana Chowk at Haldibari 1, Jhapa | Minimum 90 days /120 days from the last date of bid submission | 85,57,922.56 | 250,000.00 | 3000 |

A complete set of Bidding Documents may be downloaded from the PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP II)
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Bhadrapur, Jhapa, Name of Office: Project Office of Urban Development & Building Construction, Bhadrapur, Jhapa, Office Code no.: 347011201, Office Account no.: 1000100200010000, Rajaswa Shirsha No : 14229

**Project Chief**

# सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउने प्रयासमा
# वीरगञ्ज महानगर, लापरबाही गर्नेलाई तीन लाख जरिवाना

**महमद सदाब / मध्यान्ह**
वीरगञ्ज, १० कात्तिक



वीरगञ्ज महानगरपालिका सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउने प्रयासमा जुटेको छ । महानगर अन्तर्गतको प्रदूषण नियन्त्रण समितिले बैठक बस्दै बारा औद्योगिक करिडोरका उद्योगबाट निस्किने फोहोरका कारण सिर्सिया नदी प्रदूषित हुँदै आएकोले उक्त नदीलाई प्रदूषणमुक्त बनाउने निर्णय गरेको महानगर उपप्रमुख इम्तियाज आलमले बताए । 'सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन नगर प्रमुख र मेरो पहलमा पटक-पटक उद्योगीहरुसँग छलफल भएको छ, तर उद्योगीहरुले अटेरी गरी प्रदूषित पानी सिर्सिया नदीमा फाल्छन्', उनले भने ।

अब भने अनुगमनको क्रममा कुनै पनि उद्योगले लापरबाही गरेको पाइएमा तीन लाखसम्म जरिवाना तिर्नुपर्ने उपप्रमुख आलमले जानकारी दिए। साथै आउँदै गरेको छठमा नदीहरुमा गइ अर्घ दिनुपर्ने भएकाले पनि सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउनमा महानगर लागिपरेको उनले बताए ।

'हिन्दुहरुको महान् चाड छठमा छटी मय्यालाई अर्घ्य दिनको लागि श्रद्धालुहरु सिर्सिया नदीमा जाने गरेका छन् । तर उद्योगीहरुको लापरबाहीले गर्दा सिर्सिया नदीमा अर्घ्य दिन सक्ने अवस्था छैन । अब भने सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउने अभियान नै चलाउँछौं', उपप्रमुख आलमले भने । लापरबाही गर्नेलाई जरिवाना तिराएर हदसम्मको कारबाही र कानून बमोजिमको सजाय प्रक्रिया पनि अगागि बढाउने निर्णय बैठकमा भएको उनले बताए ।

यस्तै, उद्योग वाणिज्य संघका प्रतिनिधि मनोज उपाध्यायले नदीमा प्रदूषण सिर्जना गर्ने खालका वस्तु नफाल्न आफूहरुले पटक-पटक पत्राचार गर्दा पनि उद्योगीहरुले नमानेकोमा आपत्ति व्यक्त गरे । त्यसकारण अब कारबाहीको मार्गलाई चुनेर महानगर नदी प्रदूषणमुक्त बनाउने अभियानमा लागेको बताए ।

त्यसैगरी जितपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारीले आफ्नो नगरमा रहेको उद्योगहरुमा नियमित अनुगमन गरिरहेको बताए । साथै सिर्सिया नदी अतिक्रमण र प्रदूषणमुक्त गर्न आफ्नो नगर पनि वीरगञ्ज महानगरको साथमा रहेको उनको भनाइ थियो ।

वीरगञ्ज महानगर उपप्रमुख आलमको अध्यक्षतामा बसेको उक्त कार्यक्रममा जितपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख अधिकारी, सिमराका प्रहरी नायब उपरीक्षक चिरञ्जीवी दहाल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक रोषन थापा, जितपुर सिमरा उद्योग वाणिज्य संघका अध्यक्ष मोहन प्रसाद शर्मालगायतका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । वीरगञ्ज महानगरपालिकाले हाल ४६ वटाभन्दा बढी उद्योगहरुमा अनुगमन गर्दै आइरहेको छ ।

# प्राविधिकसहितको टोलीद्वारा क्षतिग्रस्त ठाउँको अनुगमन

**नवीन लामिछाने / मध्यान्ह**
मनाङ, १० कात्तिक



मनाङमा गत असारमा परेको अभिल वर्षाका कारण नासो गाउँपालिका-१ तालगाउँको मर्स्याङ्दी नदीको तटबन्ध भत्काएर बस्तीमा खोला पसेको थियो । उक्त ठाउँको अवलोकनसँगै तटबन्धनका लागि प्रविधिक टोलीले निरीक्षण गरेको छ । निरीक्षणका लागि पूर्वश्रम तथा रोजगार राज्यमन्त्री एवम् सांसद टेकबहादुर गुरुङ प्राविधिक टोलीसहित गृहजिल्ला मनाङ पुगेका हुन् ।

सांसद गुरुङले शुक्रबार प्राविधिक टोलीसहित मनाङको तालगाउँ पुगेर मर्स्याङ्दी नदीको बाढीले क्षति पुऱ्याएको क्षेत्रमा निर्माण भएको तार-जाली पर्खालको स्थलगत निरीक्षण गरेका छन् । सो अवसरमा भविष्यमा आउन सक्ने बाढीबाट ताल गाउँलाई कसरी सुरक्षित बनाउन सकिन्छ, त्यसका लागि के-कस्ता पूर्वधारहरुको निर्माण गर्न सकिन्छ भन्नेबारे पनि प्राविधिक टोली, जनप्रतिनिधि र स्थानीयसँग छलफल गरिएको थियो । जलवायु परिवर्तनले मनाङ जिल्लामा पारेको असर न्यूनीकरण गर्न पहिले नै पूर्वतयरी गर्नुपर्ने सांसद गुरुङको भनाइ छ । स्थलगत निरीक्षण र छलफलमा सांसद गुरुङसहित प्रदेश सांसद मुनिन्द्रजंग गुरुङ, जलश्रोत तथा सिँचाइ विभागका सि.डि.ई सुपिन्दै खत्री, इञ्जिनियर सुसन श्रेष्ठ, लेखापाल थमबहादुर थापा, मनाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी मात्रिका अचार्य, सहायक प्रमुख जिल्ला अधिकारी युवराज अर्याल, प्रहरी प्रमुख डीएसपी एनके सिंह, नासो गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङ, वडा नं. १ का अध्यक्ष मीनकाशी गुरुङ, वडा नं. ४ का अध्यक्ष धर्मजंग गुरुङ, वडा नं. ५ का अध्यक्ष थुतेन लामा सहभागी थिए ।

त्यसैगरी बेसीशहर-चामे सडक अन्तर्गत खुदीबाट कोतोसम्म ५० किलोमिटर सडक मर्स्याङ्दी जलविद्युत आयोजनाले शुरु गरेको स्तरोन्नति कार्यको पनि निरीक्षण गरिएको छ ।

प्राविधिक टोलीसहित सांसद गुरुङले धारापानी, तिमाङ झरनाको पुलका साथै सदरमुकाम चामे क्षेत्रको स्थलगत निरीक्षण गर्दै दीर्घकालीन समाधानबारे छलफल गर्ने कार्यक्रम रहेको छ।

# 'लुम्बिनीमा मदरसा शिक्षालाई सुधार गरेका छौं'

**सुर्य प्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, १० कात्तिक




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मुस्लिम समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तिकरणको लागि समानता र अधिकार सुनिश्चित गरेर सरकारले काम गरिरहेको बताएका छन् ।

रुपन्देहीको भैरहवामा मुस्लिम समुदायको अधिकारको बारेमा आयोजना गरिएको प्रदेश सम्मेलनको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले मुस्लिम समुदायको विकास तथा सशक्तिकरणका लागि समानता र अधिकार सुनिश्चित गरेर प्रदेश सरकार अघि बढेको बताए ।

लुम्बिनी प्रदेश सरकारले मदरसा शिक्षालाई सुधारेको मुख्यमन्त्री आचार्यको भनाइ छ । मुस्लिम समुदायका बालबालिकाको शिक्षामा समान पहुँच बढाउन छात्रावृत्तिको व्यवस्था गरेको, छोरीहरुलाई शिक्षामा पहुँच बढाउन छात्रावास स्थापना गरेको समेत जानकारी दिए ।

'प्रदेश स्थापना भएपछि मदरसा शिक्षालाई जोड दियौं । मदरसाको भौतिक सुधार गऱ्यौं। त्यहाँ शिक्षाको गुणस्तर सुधार्न पनि ध्यान दियौं । मुस्लिम विद्यार्थीलाई छात्रावृत्ति र छात्रावासको समेत निर्माण गर्न प्रदेश सरकारले लगानी गरेको छ'उहाँले भने,'शिक्षा क्षेत्रमा अगाडि बढाउन प्रदेश सरकारले लागेपुगे सम्मको सहयोग गरेको छ ।'

प्रदेश सरकारले मुस्लिम समुदायलाई निजामती क्षेत्रमा आकर्षीत गर्न सात प्रतिशत आरक्षणको व्यवस्था गरेको समेत मुख्यमन्त्री आचार्यले बताए ।

'प्रदेश सरकारले मुस्लिम समुदायको सशक्तिकरणको लागि ध्यान दिएको छ । निजामति सेवामा आकर्षित गर्न ७ प्रतिशत आरक्षण सुनिश्चित गरेका छौं'उनले भन्नुभयो,'नीति, नियम तथा कार्यक्रमबाट मुस्लिम समुदायको अधिकार सुनिश्चित गर्नेगरी सरकारले काम गरिरहेको छ ।' छोरीहरुको शिक्षामा मुस्लिम समुदायले विशेष ध्यान दिनुपर्ने उनले बताए। 'छोरीहरुलाई शिक्षामा अगाडि बढाउन समुदायबाट नै विशेष ध्यान दिनुपर्छ । सरकारले वातावरण निर्माण गरेको छ । छात्रावास बनाएको छ। छात्रावृत्ति दिएको छ । छोरीहरुलाई विद्यालयमा पढ्न पठाउनुस्'उनले भने,'समुदायका अगुवाहरुनै बढी संवेदनशिल हुन जरुरी छ।'

प्रदेशका ६ जिल्लामा पोषण कार्यक्रम सञ्चालन गरेको जानकारी दिँदै उनले गर्भवती र सुत्केरी आमाहरुलाई यो कार्यक्रममा जोड्न आह्वान गरे । 'तराईका ६ जिल्लामा मातृ शिशु मृत्युदर, बाल मृत्युदर, कुपोषण जस्ता समस्याहरु छन् । यि समस्या समाधान गर्न सरकारले थालेका कार्यक्रममा जोड्न समुदायले विशेष पहल लिन जरुरी छ'उनले भने,'सरकारले लगानी गर्दै जाने तर, सेवा उपभोग गर्न समुदायका मानिसहरु नपुग्ने अवस्था भयो भने त्यसले नतिजा राम्रो दिँदैन । यस बारेमा हामी सबै संवेदनशिल बन्न जरुरी छ ।'

समुदायका विपन्न नागरिकहरुलाई आर्थिक रुपमा बलियो बनाउन व्यवसायिक तथा सीप अभिवृद्धिको कार्यक्रम अघि बढाउने, निरोगिताको लागि स्वास्थ्य उपचारमा पहुँच बढाउने, सामाजिक चेतना अभिवृद्धिका अभियानहरु व्यापक बनाउनुपर्ने बताए ।

# रास्वपामा धैर्यताको अभाव छ : पूर्वराज्यमन्त्री सिंह

**सत्यराज सिंह / मध्यान्ह**
बझाङ, १० कात्तिक



नेपाली कांग्रेसका नेता तथा पूर्व युवा तथा खेलकुद राज्यमन्त्री नरेश बहादुर सिंहले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) मा धैर्यताको अभाव भएको बताएका छन् । शनिबार बझाङ सदरमुकाम चैनपुरमा पत्रकारहरू सँग कुराकानी गर्दै रास्वपाले सहकारी प्रकरणमा धैर्यता नराखेको बताएका हुन् ।

सहकारीको रकम अपचलनका विषयमा छानविन गर्न बनेको संसदीय समितिले रास्वपाका सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछानेको सहकारी ठगीमा संलग्नता देखाएपछी छानविनमा सघाउनुको साटो आन्दोलनमा जानु उचित नभएको उनको भनाई थियो । सहकारी प्रकरणको विषयमा अदालतलाई सत्य, तथ्य छानविनका लागि रास्वपाले पनि सघाउनुपर्ने उनको भनाइ छ ।

उनले भने, 'संसदीय छानविन समिति गठन भएर प्रतिवेदन बनेको छ । दोषी उम्कन पाउँदैन । बदलाको भावना राखेर कोहि मान्छे जेल जादैन । कानुनको सबैले सम्मान गर्नुपर्छ तर रास्वपामा धैयताको कमी देखिन्छ । रास्वपाले अनुसन्धानमा सघाएर अदालतका निर्णयलाई स्वीकार्ने धैर्यता राख्नुपर्छ ।'

सिंहले अबको नेतृत्वले स्थायित्वमा पनि ध्यान दिन जरुरी रहेको बताए । 'सरकारमा स्थायित्व नहुँदा राजनितिक उथुलपुथुल मात्रै नभएर विकास निर्माणका कामहरू पनि अलपत्र परेकाले नेतृत्वले स्थायित्वमा ध्यान दिनुपर्छ । समानुपातिक प्रणालीले गर्दा देशमा स्थायित्व नभएकाले सरकारमा स्थायित्व नहुँदासम्म राजनितिमा हलचल भइरहन्छ,' पूर्व राज्यमन्त्री सिंहले भने ।

देशको आन्तरिक स्रोत कम भएर बाह्य ऋण लिनुपर्ने समस्या भएकाले देशमा भएको जलस्रोत र पर्यटनमा सरकारले जोड दिएर देशको आर्थिक अवस्था सुधार गर्नुपर्ने सिंहको सुझाव थियो । गठबन्धन गरेर दलहरू निर्वाचनमा जाने कुराले पार्टीलाई पनि क्षति भएको सिंहको भनाइ छ । सिंहले उपनिर्वाचनमा पपुलर मत प्राप्त भएपनि प्राविधिक कारण चुनावमा हार व्यहोर्नुपरेकोले यसको प्रभाव पार्टीमा परेको समेत बताए ।

# जनजाति महासंघले बाँकेमा महोत्सव आयोजना गर्ने

**नेपालगन्ज / मस–** कला-संस्कृति जोगाउनका लागि नेपालगञ्जमा २० दिवसीय महोत्सव आयोजना गर्ने भएको छ । नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् बाँकेले पत्रकार सम्मेलनको आयोजना गरेर उक्त महोत्सवको बारेमा जानकारी दिएको हो ।

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् बाँकेका अध्यक्ष डम्बरबहादुर थापामगरले आदिवासी जनजातिका परम्परागत रीतिरिवाज, कला, संस्कृति, भेषभूषा लगायतका सबैजसो पछिल्लो समयमा लोप हुँदै र ओझेलमा पर्दै जान थालेपछि जनजातिका यी अमूल्य सम्पत्तिलाई संरक्षण, जगेर्ना र प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपालगञ्जमा महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए ।

पत्रकार सम्मेलनमा 'विश्वभरी फैलिएका हामी जनजाति हामी आदिवासी, जोगाई राखौं भेषभूषा, भाषा, संस्कृति' भन्ने मूल नाराका साथ यही कात्तिक २९ गतेदेखि मंसिर १८ गतेसम्म नेपालगन्जमा 'प्रथम कृषि, पर्यटन प्रवर्द्धन, व्यापारिक संरक्षण तथा साँस्कृतिक महोत्सव एक्सपो-२०८१' सञ्चालन गर्न लागिएको अध्यक्ष थापामगरले जानकारी दिए ।

महासंघको भवन निर्माणका लागि सहयोगार्थ आयोजना गर्न लागिएको महोत्सवमा जाति, जनजाति, कला, संस्कृति संरक्षणका साथै राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरुद्वारा साँस्कृतिक कार्यक्रम प्रस्तुत गरी मनोरञ्जन पनि प्रदान गरिने उनले बताए ।

महोत्सव मूल आयोजक समितिका संयोजक समेत रहेका महासंघका अध्यक्ष थापामगरका अनुसार हस्तकला, घरेलु उत्पादन तथा व्यापार व्यवसाय सहितका महोत्सवमा २५० स्टल रहनेछन् ।

उक्त महोत्सव अवधिभर आदिवासी जनजातिका कला, संस्कृति सम्बन्धि पौराणिक कला जातिय भेषभूषाको प्रदर्शन गरिने, कृषि पर्यटन हस्तकला सहितका स्टलहरु राखिने, लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय स्टलहरु प्रदर्शनी गरिने तथा जातिय खाना तथा परिकार प्रदर्शनी तथा बिक्री गरिने पनि अध्यक्ष थापामगरले जानकारी दिए ।

उक्त महोत्सवका लागि अध्यक्ष थापा मगरको संयोजकत्वमा मूल आयोजक समिति र सचिव राजन रानामगरको संयोजकत्वमा सचिवालय गठन गरिएको आयोजकले जनाएको छ ।

आयोजकका अनुसार कृष्ण पुनमगरको संयोजकत्वमा सल्लाहकार उपसमिति, भूपेन्द्र पुनमगरको संयोजकत्वमा सुरक्षा उपसमिति, अजय पुनमगर (गोपाल) को संयोजकत्वमा आर्थिक उपसमिति, संगीता चौधरीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति, गनबहादुर गुरुङको संयोजकत्वमा झाँकी ऱ्याली व्यवस्थापन उपसमिति, सुन्दर गुरुङको संयोजकत्वमा साँस्कृतिक उपसमिति, आइत पुनमगरको संयोजकत्वमा खानेपानी तथा शौचालय उपसमिति, जनक पहराई मगरको संयोजकत्वमा स्वयंसेवक उपसमिति र अशोक थापामगरको संयोजकत्वमा प्रचारप्रसार उपसमिति गठन गरिएको छ । आयोजकले महोत्सवमा तीन लाख दर्शकले अवलोकन गर्ने र पाँच करोड बराबरको आर्थिक कारोबार हुने जनाएको छ। त्यसैगरी महोत्सवको सह-आयोजकमा नेपाल आदिवासी जनजाति महासंघ नेपालगन्ज उपमहानगर समन्वय परिषद्, नेपाल आदिवासी जनजाति महासंघ कोहलपुर नगर समन्वय परिषद, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ बाँके शाखा, नेपाल आदिवासी जनजाति युवा महासंघ बाँके, नेपाल मगर संघ बाँके, तामाङ घेदुङ बाँके, तमु ह्युल छोज घि बाँके, नेवाः पुचः बाँके, वौद्ध धर्म संघ गुम्बा बाँके, नेवाः देयः दबु बाँके लगायत रहेका छन् ।

यसैबीच शनिबार महासंघ र नेपालगञ्ज उद्योग वाणिज्य संघबीच व्यापक छलफलपछि भएको सहमति अनुसार नेपालगञ्जमा सञ्चालन हुने दुबै महोत्सवलाई सफल पार्न एक आपसमा सहमति भएको छ । यही कात्तिक २९ गतेदेखि मंसिर १८ गतेसम्म संचालन हुने महोत्सव र महासंघले गरेको निर्णय पछि नेपालगन्ज उद्योग वाणिज्य संघले गरेको घोषणा अनुसार आयोजना गर्न लागेको पुस ४ गतेदेखि १६ गतेसम्म सञ्चालन हुने महोत्सवलाई सफल पार्न एक आपसमा सहमति भएको हो ।

नेपालगञ्ज उद्योग वाणिज्य संघ नेपालगञ्जमा बसेको बैठकमा दुबै पक्षबीच एक आपसमा सहमति भइ सहकार्य गरेर जाने नेपाल आदिवासी जनजाति महासंघ बाँकेका सचिव सचिव राजन रानामगरले बताए । नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् बाँकेले आयोजना गर्न लागेको नेपालगञ्जमा 'प्रथम कृषि, पर्यटन प्रवर्द्धन, व्यापारिक संरक्षण तथा सांस्कृतिक महोत्सव एक्सपो २०८१' को नारालाई परिमार्जन गरी नेपालगञ्ज प्रथम कृषि पर्यटन प्रवर्द्धन तथा साँस्कृतिक महोत्सव एक्सपो २०८१ राखिने सहमति भएको हो । यस्तै नेपालगञ्ज उद्योग वाणिज्य संघ र नेपाल आदिवासी जनजाति महासंघ कोहलपुर नगर समन्वयले आयोजना गर्न लागेको महोत्सवको मिति जुध्न गएको खवरले यस बारे दुवै पक्षबीच समय नजुध्न पहल गरिने सहमति भएको छ ।

यस्तै जनजाति महासंघले आयोजना गर्न लागेको महोत्सवको मिति २० दिन लामो भएको हुनाले यसलाई अलि समय कम गराउन सम्बन्धित सरोकारवालाले गरेको निर्णय मान्य हुने आदिवासी जनजाति महासंघ बाँकेका सचिव रानामगरले बताए ।

यसपटकको मेला जनजातिका परिकार, भेषभुषा परम्परागत संस्कृतिको प्रदर्शन हुने भएको हुनाले अन्य महोत्सव भन्दा फरक हुने नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् बाँकेका अध्यक्ष डम्बरबहादुर थापामगरले बताए ।

# बर्दियाका सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका लागि कार्यशाला

**सन्तोष पौडेल / मध्यान्ह**
बर्दिया, १० कात्तिक



बर्दियाका सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका लागि कार्यशालाको आयोजना गरिएको छ। नेपाल पत्रकार बर्दिया शाखाको समन्वयमा युरोपियन युनियन र द फिचर किचेनको आर्थिक सहयोग तथा द्वन्द्व पीडित समिति बर्दियाको आयोजनामा कार्यशालाको आयोजना गरिएको हो ।

संक्रमणकालीन न्याय र महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना सम्बन्धमा जानकारी दिने उद्देश्यले कार्यशालाको आयोजना गरिएको हो ।

कार्यशालामा नेपालमा शान्ति प्रकृया र सङ्क्रमणकालीन न्याय, संक्रमणकालीन न्यायको उद्देश्य, सोच, चरित्र, मापदण्ड तथा उपायहरू, अवस्था, सत्यको अधिकार, सत्यको खोजी, महत्व, सत्यको अधिकार तथा अन्य अधिकार, सत्य आयोग, सत्य आयोगका लक्ष्यहरू, विशेषता, अदालत र सत्य आयोग बिचको फरक, राहत तथा परिपूरण, परिपूरणकौ छनौट, संस्थागत सुधार एवम् महिला, शान्ति र सुरक्षा सँग सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजनाको पृष्ठभूमी, लक्षित समूह, प्राथमिकताका क्षेत्रहरू, कार्य कार्ययोजना कार्यान्वयका लागि संरचनागत तथा संस्थागत व्यवस्था, कार्यान्वयन प्रकृया, कार्यको प्रगति विवरण, अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था लगायतका विषयमा सहजिकरण गरिएको थियो ।

कार्यशालाको सहजीकरण द्वन्द्व पीडित समिति बर्दियाका अध्यक्ष भागिराम चौधरी र द स्टोरी किचेनकी कार्यक्रम संयोजक मिना वि.क.ले गरेका थिए । कार्यशालामा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका चरणमा तथा तथ्यांक संकलन एवम् आवश्यकता पहिचान पछि ठाकुरबाबा नगरपालिकाले गरेका गतिविधि र उपलब्धीका बारेमा नगर उपप्रमुख विना भट्टराईले जानकारी गराएकी थिइन् ।

बर्दियाको मधुवन नगरपालिका वडा नं. १ पथ्थरबोझी स्थित एक होटलमा आयोजित कार्यशालामा जिल्लाका ४० बढी सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०७/११**

फाल्कोन ट्रेडर्स प्रा.लि. को २०८१/०६/१८ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ड्रेबा ट्रेडर्स प्रा.लि. (प्रा.लि. नं.: २६१९७२)** कायम गर्ने गरी मिति २०८१/०६/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# दोलखाका ट्राफिक प्रमुख भट्टराईले आवाज नेपाललाई वार्षिक २० हजार सहयोग गर्ने

**राजकुमार भुजेल / मध्यान्ह**
दोलखा, १० कात्तिक

जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाका प्रमुख ठाकुर प्रसाद भट्टराईले आवाज नेपाल दोलखालाई आर्थिक सहयोग गर्ने भएका छन् । शनिबार आफ्नो ४५औं जन्मदिनको अवसरमामा आवाज नेपाल दोलखा नामक संस्थालाई खाद्यान्न सामग्री वितरण गर्दै उनले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

संस्थाका अध्यक्ष सिर्जना कार्कीसँग प्रमुख भट्टराईले सामाजिक उत्तरदायित्व बहन गर्दै संस्थाका एक जना बालबालिकालाई सामान्य खर्चबापत आफ्नो तलबाट वार्षिक २० हजार सहयोग गर्ने जिकिर गरे । उनले हाल आफ्नो कर्मथलो दोलखा भएपनि आगामी दिनमा जुनसुकै ठाउँमा पुगेता पनि संस्थालाई दिएको वचन कतैपनि खेर नजाने भन्दै बालबालिहरुसँग भेटघाट गर्दै खुसी व्यक्त गरे । उनले जन्मदिनको नाममा हुने फजुल खर्चलाई निरुत्साहित गर्नुपर्ने समेत बताए ।

त्यस्तै संस्थाका अध्यक्ष कार्कीले प्रमुख भट्टराईले जस्तै सबैले मिलेर सहयोग गरेमा बालबालिकाले सहज तरिकाले जीवनयापन गर्न सक्ने बताइन् ।

मध्यान्ह
www.madhyanhadaily.com
११ कात्तिक २०८१, आइतबार
27 October 2024, Sunday

## सम्पादकीय

# माओवादीको सही निर्णय

प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रले शनिबार सन्देशमुलुक सभा गरेको छ । ९ वर्षपछि प्रतिपक्षी भूमिकामा धकेलिएको सय दिन पुग्दासम्म माओवादीको ठोस् गतिविधि देखिएको थिएन । पार्टीको आन्तरिक भेला, छलफल, बैठक र प्रशिक्षणात्मक कार्यक्रमहरू मात्र चलिरहेको थियो । तर अकस्मात निर्णय गर्दै माओवादीले राजधानीमा खबरदारी सभा गऱ्यो । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले चार दिनको तयारीमा सभा भएको जानकारी दिनुले यो कार्यक्रम आकस्मिक तय भएको बुझ्न गाह्रो पर्दैन । यसरी अकस्मात निर्णय गरेर सडक प्रदर्शन हुनुलाई राजनीतिक वृत्तमा रवि लामिछाने पत्राउसँग जोडेर टिप्पणी गरिदैछ । सहकारी बचत रकम अपचलनको मुद्दामा रास्वपा सभापति लामिछाने गत २ कात्तिकमा पत्राउ परेका थिए । रवि पत्राउ पर्ने दिन बिहान प्रचण्डकै पहलकदमीमा विपक्षी दलहरूका तर्फबाट साझा मागपत्र तयार पारेर प्रधानमन्त्रीलाई बुझाउने निर्णय भएको थियो ।

यद्यपि संसदीय छानबीन समितिको प्रतिवेदन बमोजिम रवि पत्राउ परे, सरकार पछि हटेन । रवि पत्राउ परेपछि रास्वपा प्रदर्शनमा छ । रास्वपा आफैले सभापति लामिछानेलाई निर्दोष रहेको दाबी गर्दै अदालत प्रभावित बनाउनेगरी प्रदर्शन गरिरहेको छ । तर रवि पत्राउविरूद्धको प्रदर्शन उठ्न सकेको देखिदैन । पोखरामा केही दिनसम्म चलेको प्रदर्शन शुक्रबार राजधानी काठमाडौमा भयो । एकैदिनमा प्रदर्शन उत्रियो, अर्को निर्णय गर्नेगरी रास्वपाले प्रदर्शनको कार्यक्रम परिवर्तन गऱ्यो । यस्तो बेला माओवादीले खबरदारी सभा राख्नुलाई रवि लामिछानेको गिरफ्तारीसँग जोडेर हेर्नु अनौठो होइन । अझ सरकारको विरोध गर्ने क्रममा सहकारी ठगी प्रकरणमा न्यायोचित निर्णय नभएको माओवादी बक्तव्यले उसलाई शंका गर्ने ठाउँ मिलेको थियो । तर प्रचण्ड सहित माओवादी नेताहरूले खबरदारी सभाको उद्देश्य रवि लामिछानेलाई साथ दिनु नरहेको प्रष्टोक्ति दिएका छन् ।

बरू खबरदारी सभाको उद्देश्य सुशासनको पक्षमा सरकारले चाल्ने अभियान नरोकियोस् भन्ने रहेको पनि प्रचण्डले प्रष्ट्याए । उनले आफू नेतृत्वको सरकारले सुशासनको अभियान अगाडि बढाएको र वर्तमान सरकारले त्यो अभियानलाई निरन्तरता दिनुपर्ने तर्क गरेका थिए । प्रचण्ड यतिमै रोकिएनन्, उनले सरकार ढाल्ने खेलमा माओवादी नलाग्ने उद्घोष पनि गरे । प्रधानमन्त्री केपी शर्मा ओली आफैले सरकार परिवर्तनको प्रयास भइरहेको अभिव्यक्ति दिइरहँदा प्रचण्डको उद्घोष अर्थपूर्ण छ । किनकि नागरिकमा अहिले बढिरहेको निराशा र अविश्वासको मूल कारण राजनीतिक अस्थिरता र सुशासनको प्रत्याभूति नहुनु हो । राजनीतिक नेतृत्व हमेसा सरकार फेर्ने खेलमा मात्र अल्मलिदा सुशासन र विकासको काम अवरूद्ध भएको तथ्य लुकेको छैन । त्यसैले माओवादीले ढिलै भएपनि सडकबाट प्रतिपक्षी भूमिकामा खरो उत्रने प्रतिबद्धता गर्नु मुलुक र स्वयं माओवादीकै निम्ति पनि उचित हो । किनभने सरकारलाई जवाफदेही र उत्तरदायी बनाउने संवैधानिक एवं राजनीतिक भूमिकामा माओवादी सशक्त बन्न सक्यो भने आगामी आमचुनावको नतिजा समेत परिवर्तन हुन सक्छ ।

# कृषिमार्फत आर्थिक विकास

*प्रविधिलाई दिगो तथा नाफामुखी बनाई स्वस्थ उपज उत्पादन गर्नु नै आजको आवश्यकता हो । तर हाम्रो मुलुकले प्रविधिबाट सामान्य लाभ पनि हासिल गर्न सकेको अवस्था छैन ।*

अग्रलेख



● शिवकुमार श्रेष्ठ (शिवांसु)

नेपाल कृषि प्रधान देश हो । यहाँ ६०.४ प्रतिशत जनता कृषि पेसामा आश्रित छन् । जसमध्ये ५६ प्रतिशत महिलाहरू कृषिमा आवद्ध छन् । वार्षिक पाँच लाख रोजगारी कृषि क्षेत्रले नै सिर्जना गरेको छ । कृषि क्षेत्रले राज्यको कुल ग्राहस्थ उत्पादनको २४.४ प्रतिशत योगदान पुऱ्याएको छ । तर, कृषि क्षेत्रमा युवाहरूको आकर्षण हुन नसक्नु समृद्ध राष्ट्र निर्माणको लागि गम्भीर चुनौती हो । त्यसैले अब मुलुकले अङ्गीकार गरेको कृषि नीतिमा समीक्षा गर्नु वाञ्छनीय देखिएको छ । हाम्रो देशमा सूक्ष्म हावापानीको हिसाबले विविधतायुक्त छ । कृषि विकासको लागि आधुनिक संरचना तथा सिचाई प्रविधिको अवलम्बन जरुरी छ । आधुनिक प्रविधि अपनाई तरकारी, फलफूल र पुष्प वाली गरी खाद्य सुरक्षा र आयआर्जन गर्न सरकारले पनि समय ठाउँ हेरि कृषकलाई अनुदान स्वरूप बीउ, मल, खाद्य र कृषि यन्त्र निःशुल्क उपलब्ध गराउनु पर्छ । विकसित देशहरूले प्रतिकूल हावापानीका बिच पनि आधुनिक संरचना र नवीनतम् प्रविधि प्रयोग गरी दुईदेखि पाँच प्रतिशतसम्म मात्र कृषिमा संलग्न जनशक्तिबाट प्रति इकाइ उच्च उत्पादकत्व गर्दछन् । दक्षिण एसिया वा भारतमा २५ हजार हेक्टरमा प्रविधिमार्फत खेती गरिन्छ । त्यस्तै, चीनले पनि नविनतम उच्च प्रविधि प्रयोग गरी खाद्यान्न तथा फलफूल आत्मनिर्भर भई विदेश निर्यात गरी करोडौं डलर आय गर्दछ ।

प्रविधिलाई दिगो तथा नाफामुखी बनाई स्वस्थ उपज उत्पादन गर्नु नै आजको आवश्यकता हो । तर, हाम्रो मुलुकले प्रविधिबाट सामान्य लाभ पनि हासिल गर्न सकेको अवस्था छैन । कृषिमा सफलता पाउन प्रविधिको प्रयोगसँगै, उपयुक्त वातावरण कायम गर्ने संरचना सोहीअनुरूप जात र खेती प्रविधिको अवलम्बन, खाद्यतत्व, रोग र किरा व्यवस्थापन र बजारको मागअनुसार उत्पादन र बजारी करणमा ध्यान दिन जरुरी छ । जीवन निर्वाहमुखी कृषि उत्पादनबाट निर्यातको अपेक्षा गर्नु र आयात प्रतिस्थापन गर्न कठिन हुन्छ । कृषिलाई ओझेलमा राखेर आयातमुखी राजस्व नीति बनाउँदा वर्षेनी वस्तु आयातमा वृद्धि भई रहेकोले व्यापार घाटा कहाली लाग्दो अवस्थामा पुगेको छ । कृषिमा आधुनिकीकरण व्यवसायीकरण, यान्त्रीकरण गर्दै कृषि विज्ञ, कृषि संघ सम्बन्धित शिक्षित र दक्ष युवा शक्तिजन कृषिमा आबद्ध हुन आवश्यक छ । कृषि क्षेत्रमा बढ्दै गएको रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै वातावरण तथा दिगो उत्पादन प्रणालीलाई प्रवर्द्धन गर्न पर्यावरणीय कृषि अवधारणमा आधारित परियोजनालाई प्रभाकारी ढङ्गबाट अगाडि बढाउनु पर्ने हुन्छ ।

हरित वित्तमार्फत आर्थिक विकासलाई प्राथमिकता राखी कृषिका हरेक कार्यक्रम उच्च सोचका साथ अगाडि बढे कृषि क्रान्तिको लागि टेवा पुग्दछ । हरित वित्त र पर्यावरण संरक्षण आर्थिक लाभको नयाँ एकीकृत वित्तीय ढाँचा हुनेछ र सन्तुलन कायम रहने छ । कृषिजन्य अर्थात् कृषिमा आधारित उद्योगको वृद्धिले नेपाली जनताको जीविकोपार्जनमा परिवर्तन ल्याई राष्ट्रिय अर्थतन्त्रको बलियो खम्बा बनेको छ । नेपालको कृषि क्षेत्र जलवायु परिवर्तनको उच्च जोखिममा रहेकोले वनमा आधारित कृषिसँग सम्बन्धित उद्यममा लगानी गर्न हिचकिचाउनु हुँदैन । हालै गरिएको अर्को एक अध्ययनले बाजुरासहितका सुदूरपश्चिमका केही जिल्लामा जलवायु परिवर्तनका कारण बढ्दो मरुभूमिकरणले गर्दा खाद्यान्न उत्पादन चक्र प्रभावित भई खाद्यान्न संकट बढ्ने संकेत देखाएको छ ।



कृषिमा आधुनिक प्रविधिको प्रयोगले कृषकहरूको उत्पादकत्व बढाउन सक्छ । जैविक विविधताको सूचीमा नेपाल विश्वमा पच्चिसौं र एसियामा एघारौं स्थानमा छ । साइरिस संस्थाका अनुसार नेपालमा पाँच सय ५० खाद्यान्न बाली दुई सय सागसब्जी र ४५ थरिका फलफूलका प्रजातिका मात्र खेती गरिन्छ । जैविक विविधता नीति २०६३ कृषि विकास रणनीति २०१५ देखि २०३५ तथा राष्ट्रिय कृषि नीति २०६१ लाई तीनै तहका सरकारले सरोकारवाला संघसँग सहकार्य समन्वय र सहअस्वित्व अवधारणामार्फत कृषि जैविक विविधतामा विशेष जोड दिन अति आवश्यक छ । यसै नीतिअनुसार मौलिक हकमा खाद्य सम्प्रभूतालाई आत्मसात गरी दिगो विकास, अवधारणमा कृषिमार्फत गरिबी तथा भोकमरी न्यूनीकरण, आयआर्जन तथा रोजगारी सिर्जना गरी देश विकाश लक्ष्य हासिल गर्न सकिन्छ ।

खेती योग्य जमिन पल्टिङ्ग, बाढी पहिरो, भूक्षय, युवाको विदेश पलायन, बालबच्चासँगै आमा सहर शिक्षा दिलाउन प्रस्थान आदिका कारणले हाम्रो जमिनहरू बाँझा छन् । जसले गर्दा धान, गहुँ, मकै, तरकारी, फलफूल सबै आयात गर्नु परिरहेको छ । यति ठुलो रकम देश बाहिर गइरहेको छ । हाम्रो देशमा व्यवस्थित सिचाइको व्यवस्था हुन सकिरहेको छैन । प्रायः किसान आकाशे पानीको भरमा खेती गर्दछन् । कहिले खडेरीको कहरले लगाएका बाली मर्दछन् भने कहिले फसल पाकेर भित्र्याउने बेलामा बेमौसमी वर्षाले बालीलाई नास गर्दछ ।

कृषियोग्य जमिनको संरक्षण, मल, बिउ र सिचाइ सुविधा उपलब्धता कृषिका लागि उचित बजेट, तथा अल्पकालीन र दीर्घकालीन नीति, कार्यक्रमहरू कार्यान्वयन आदि राज्यले नगर्ने हो भने कृषिले आत्मा निर्भर होला ? अर्ग्यानिक कृषि प्रणालीले औसत १९ देखि २५ प्रतिशत उब्जनी घटाउने वैज्ञानिकहरूले औंल्याएका छन् । बाली र त्यस क्षेत्रको जलवायुको प्रकृतिअनुसार यस्तो कमी १९ देखि २५ प्रतिशतसम्म हुन सक्ने देखिएको हो । हाल विश्वभर १.५ प्रतिशत मात्र अर्ग्यानिक खेती गरिन्छ । जलवायु परिवर्तन, कोभिड १९ को महामारी र रुस युक्रेन युद्ध, इजरायल, लेबनान, हमास युद्धले

*कृषि विकासको लागि आधुनिक संरचना तथा सिचाई प्रविधिको अवलम्बन जरूरी छ । आधुनिक प्रविधि अपनाई तरकारी, फलफूल र पुष्पवाली गरी खाद्य सुरक्षा र आयआर्जन गर्न सरकारले पनि समय ठाउँ हेरि कृषकलाई अनुदान स्वरूप बीउ, मल, खाद्य र कृषियन्त्र निःशुल्क उपलब्ध गराउनु पर्छ ।*

अन्तर्राष्ट्रिय कृषि बजार र खाद्य प्रणालीमा विनाश निम्त्याएको छ । करिब दुई करोड ७० लाख मानिस भोकमरीबाट आक्रान्त छन् । र, पश्चिमी अफ्रिकाले दश वर्षमा सबैभन्दा ठुलो खाद्य संकट अनुभव गरिरहेका छन् । ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रमा भोकमरी १५ वर्ष यताकै सबैभन्दा उच्च विन्दुमा छ अर्थात् नौ प्रतिशत जनसंख्या भोकमरीको चपेटामा परेका छन् ।

विश्वभरि द्वन्द्वग्रस्त क्षेत्रमा पुगी समस्यामा परेको समुदाय वा व्यक्तिको खाद्यान्न संकट टार्न र द्वन्द्वग्रस्त क्षेत्रमा शान्ति स्थापना गरेको महत्वपूर्ण भूमिकाको लागि सन् २०२० वर्षको नोबेल शान्ति पुरस्कार डब्ल्यु एफपीलाई दिइएको थियो । विश्व खाद्य कार्यक्रममार्फत विश्व भर ९७ करोड मानिसलाई सहायता पुऱ्याउने गरेको छ । डब्ल्यु एफपी गतिविधिको एक सुन्दरता भनेको आज भोलि खाना मात्र उपलब्ध गराउन नभएर मानिसलाई ज्ञान सहित भविष्यलाई धान्नको लागि सुसज्जित पनि गर्नु हो । कृषि सुधार र किसान कृषि विज्ञान पर्यावरणीय सरोकारसँग काम गर्दै दीर्घकालीन खाद्य सुरक्षा हासिल गर्न महत्वपूर्ण औजार बन्नुपर्छ । तब मात्र कृषिमार्फत आर्थिक विकास गरी देशलाई आत्मनिर्भर, सबल तथा सक्षम गरी विकास सम्भव हुन्छ ।

## सामाजिक सञ्जाल



- किशोर नेपाल

शनिबार आयोजित सभामा 'आदरणीय जनसमुदाय'लाई जनयुद्धका सर्वोच्च कमाण्डर प्रचण्डले चर्को स्वरमा सुनाउनु भएछ- मैले पूर्वराजालाई भेटेको छैन । नभेटेको भए त यसरी चिच्याई चिच्याई जनतालाई जानकारी दिनुपर्ने आवश्यकता नै थिएन । सम्भवतः यो प्रचण्डजीको रणनीतिक वक्तव्य हो !



- डम्बर खतिवडा

शान्तियताका अधिकांश रणनीति किन असफल, प्रतिउत्पादक र आत्मघाती भए ? पार्टी किन चुनावैपिच्छे घट्दै, सानो र कमजोर हुँदै गयो ? जनता किन टाढिए ? माओवादी आत्मसमीक्षा यहाँनेर हुनुपर्ने हो । आजको सभा र सम्बोधनबाट थप प्रष्ट भो- कांग्रेस-एमालेसँग मिलिजुली खाने, नपाए दङ्ग्याउने बाहेक केही रहेनछ ।



- निर्मल प्रसाइँ

जीवी राई भगाउने, पञ्चा सिंह नपक्रिने, अमला रोका लुकाउने, दावा छिरिङसँग डिनर गर्ने, दीपेश पुनलाई उन्मुक्ति दिने, कृष्णबहादुर महरालाई चोख्याउने, सहकारी ठग बचाउने, एनसेल करछली गर्ने, कुकुल्याण्डको नाइकेहरुलाई विदेशतिर भए आजीवन कारावास हाल्थ्यो ।



- सूर्यराज आचार्य

प्रचार-प्रसारका लागि दलका कार्यकर्ताको भिडले काम गर्छ । तर, सही अर्थको आन्दोलन उठाउनु छ भने आम जनताको समर्थन/सहभागिता जरूरी हुन्छ । यसका लागि आन्दोलनको एजेन्डा र शैलीले आम जनताको मन/भावना छुन सक्नुपर्दछ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष : | वाणी संयम राख्नुहोला । आध्यात्मिक यात्राको योग छ । |
| वृष : | शत्रु परास्त हुनेछन् । शिक्षामा लाभको योग छ । |
| मिथुन : | पारिवारिक र सामाजिक जीवन सुखी एवम् प्रभावशाली रहनेछ । |
| कर्कट : | दाम्पत्य जीवन सुखमय हुनेछ । जोखिम लिनु हुँदैन । |
| सिंह : | कार्यहरूको रोकावट समाप्त हुनेछ । शत्रु कमजोर हुनेछन् । |
| कन्या : | पारिवारिक भेटघाट तथा विदेश यात्राको योग छ । |
| तुला : | सबै कार्यहरूमा धैर्य राख्नुहोला । प्रभावमा वृद्धि हुनेछ । |
| वृश्चिक : | शत्रु कमजोर हुनेछन् । दैनिक जीवन सुखी रहनेछ । |
| धनु : | नयाँ काम सफल हुनेछ । चिन्ता गर्नु हुँदैन । |
| मकर : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| कुम्भ : | शाकाहारी भोजन गर्नु राम्रो हुनेछ । पारिवारिक सदस्यमा वृद्धि हुनेछ । |
| मीन : | पुरानो कार्य सफल हुनेछ । राजनैतिक सहयोग प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# प्रचण्ड र परिवर्तन

टिप्पणी



● खगेन्द्र पौडेल

संसदमा सानो दल भएपनि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड गठबन्धन हेराफेरी गरेरै डेढ वर्ष सत्तामा टिके । उनले संख्यात्मकरुपमा आफूभन्दा झण्डै तीन गुणा ठूला शक्तिलाई लामै समय नचाइरहे । प्रचण्ड सत्तामा त टिके तर, के गरे अहिले प्रश्न छ । हेराफेरि गरी गरी सत्ताको नेतृत्वमा टिक्नुलाई उपलब्धी मान्ने हो भने विषय फरक होला तर, उनले सही गरे भन्ने अवस्था उनी स्वयंले स्पष्ट पार्न सक्दैनन् ।

प्रचण्ड अहिले सत्ताबाट पाखा परेका छन् । सत्ताबाट पाखा परेसँगै उनी सडकमा समेत देखिन थालेका छन् । उनी नेतृत्वको पार्टीले शनिबार काठमाडौंमा शक्ति प्रदर्शन गरेको थियो । केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारलाई 'खबरदारी गर्न' भन्दै माओवादीले केही हजार मानिसलाई सकडमा उतारेको थियो ।

सडकमा देखिएका प्रचण्डले सरकारविरुद्ध निकै चुनौति दिने भाषा प्रयोग गरे । उनले सरकारलाई 'सडकमा लतार्ने दिनसम्म आउनसक्ने' चेतावनी दिए । विशेषगरी भ्रष्टाचारका मुद्दामा प्रचण्डले सरकारमाथि प्रश्न उठाएका छन् । उनले विभिन्न भ्रष्टाचार काण्डका फाइल लुकाइएको सन्दर्भमा प्रश्न गरेका छन् । विभिन्न प्रकरणमा मुछिएकालाई जोगाइएको र सरकार नेतृत्वकर्ता स्वयम् पनि मुछिन थालेको सन्दर्भमा उनले प्रश्न उठाएका थिए । विशेषगरी प्रचण्डले ललितानिवास जग्गा प्रकरणदेखि गिरीबन्धु र सहकारी ठगीसम्मको विषयलाई उठाएका छन् ।


सरकारविरुद्ध प्रश्नहरु उठाउँदै गर्दा प्रचण्डले जनताका मुद्दा छाडेर आफू सत्ताको खेलमा नलाग्ने बताएका छन् । सँगै उनले आफूले गल्ती गरेको भन्दै आत्माआलोचना पनि गरेका छन् । शान्ति प्रक्रियाको डेढ दशकको अवधिलाई केलाउँदै प्रचण्डले जनताको अपेक्षाअनुसार काम गर्न नसकेको स्वीकार गरेका छन् । उनले आफू सच्चिएर अगाडि बढ्ने दाबी गरेका छन् । प्रचण्डले २०६४ कै अवस्थामा माओवादी फर्किने अवस्था भएको पनि दाबी गरेका छन् ।

*प्रचण्डले वर्तमान कांग्रेस-एमाले नेतृत्वको सत्तालाई मात्रै गाली गरेर, आत्मसमीक्षा वा आत्माआलोचनाको नाममा आफू जोगिन खोजेको देखिन्छ । बुझ्नुपर्ने विषय प्रचण्ड यो परिवर्तनको केन्द्रमा छन् । यो परिवर्तन उनकै नेतृत्वमा सम्भव भएको हो । तर, स्वयम् नेतृत्वकर्ता इमानदार नहुँदाको परिणाम अहिलेको अवस्था हो ।*

यद्यपि, प्रचण्डले सच्चिने भनेको केहो स्पष्ट पारेका छैनन् । उनी स्वयम्का भाषाअनुसार प्रचण्ड धेरै बिग्रिसकेका छन् । उनले जनताका मुद्दालाई यतिका वर्षसम्म वेवास्ता गरे । प्रचण्ड सत्ताको खेलमा मात्रै रमाइरहे । डेढ दशकको अवधिमा उनले आफैंले बोकेका एजेन्डालाई ध्यान दिएनन् । प्रचण्डको भनाईलाई हेर्दा, अहिलेको परिवर्तन नै उल्टिने खतरा निकै बढेको छ । तर, यसमा जिम्मेवार को ? कसको कारण यो खतरा बन्यो ? के कांग्रेस र एमाले वा अन्य कुनै शक्ति यसको कारक हो ? के स्वयम् पूर्वराजा परिवर्तनका खतरा हुन् ? के नयाँ कुनै शक्ति त्यो खतराको रुपमा उदाउँदैछ ? जसको जवाफ प्रचण्डसँगै देखिन्न ।

सँगै, यो खतरा कसरी टाल्ने ? प्रश्न गम्भीर छ । तर, प्रचण्डले वर्तमान कांग्रेस-एमाले नेतृत्वको सत्तालाई मात्रै गाली गरेर, आत्मसमीक्षा वा आत्माआलोचनाको नाममा आफू जोगिन खोजेको देखिन्छ । बुझ्नुपर्ने विषय प्रचण्ड यो परिवर्तनको केन्द्रमा छन् । यो परिवर्तन उनकै नेतृत्वमा सम्भव भएको हो । तर, स्वयम् नेतृत्वकर्ता इमानदार नहुँदाको परिणाम अहिलेको अवस्था हो । यद्यपि, प्रचण्डले यसको समाधान कुरा बोलेका छैनन् । प्रचण्डले ओली वा अरुलाई गाली गर्दैमा समाधान हुँदैन । प्रचण्डकै भाषामा ओली वा अरु यो परिर्वतनका कारक होइनन् भने उनीहरु जिम्मेवार हुने विषय नरहला । यदि प्रचण्ड नै मुख्य कारक हो भने उनी कहिले सच्चिने र यो परिवर्तन जोगाउन लाग्ने ? उनले गम्भीरताका साथ जवाफ दिन आवश्यक छ ।

# भारतीय प्रधानमन्त्री र जर्मन चान्सलरद्वारा युक्रेन द्वन्द्वबारे गहिरो चिन्ता व्यक्त



**काठमाडौं/एजेन्सी–** प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मन चान्सलर ओलाफ सोल्सले युक्रेनमा बढ्दो द्वन्द्व र यसको दुःखद् मानवीय परिणामहरूमाथि गहिरो चिन्ता व्यक्त गर्दै अन्तर र्राष्ट्रिय कानून अनुरूप न्यायपूर्ण र स्थायी शान्तीको आवश्यकतामा जोड दिएका छन् ।

युक्रेन द्वन्द्वमा आमनागरिकको ज्यान गएकोमा चिन्ता व्यक्त गर्दै दुबै नेताले गाजामा रहेका सबै बन्धकहरूलाई तत्काल रिहा गर्न पनि आह्वान गरेका छन् । शुक्रबार आयोजित सातौं भारत-जर्मनी अन्तरसरकारी परामर्शपछि यो संयुक्त वक्तव्य जारी गरिएको हो । संयुक्त वक्तव्यमा, प्रधानमन्त्री मोदी र ओलाफ सोल्सले सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मानसहित संयुक्त राष्ट्र बडापत्रका उद्देश्य र सिद्धान्त, अन्तर्राष्ट्रिय कानूनको सिद्धान्त अनुरूप व्यापक, न्यायपूर्ण र स्थायी शान्तिको आवश्यकतालाई दोहोऱ्याए ।

विशेषगरी विकासशील र अल्पविकसित देशमा विश्वव्यापी खाद्य र ऊर्जा सुरक्षाको सन्दर्भमा युक्रेन युद्धले निम्त्याएको नकारात्मक प्रभावबारे पनि दुई नेताहरूले उल्लेख गरेका छन् ।

प्रधानमन्त्री मोदी र चान्सलर सोल्सले विज्ञप्तीमार्फत मध्यपूर्वमा शान्ति र स्थिरता हासिल गर्ने आफ्नो साझा चासो व्यक्त गर्दै गत वर्ष अक्टोबर ७ मा इजरायलमा हमासको आक्रमणको निन्दा गरेका छन् ।

दुई नेताले लेबनानमा द्रुतरूपमा बिग्रँदै गएको अवस्था बारे गहिरो चिन्ता व्यक्त गरे । उनीहरुले विश्वभर देखिएको बढ्दो द्वन्द्वको समयमा सबै पक्षलाई अन्तर्राष्ट्रिय कानूनको पालना गर्न आग्रह गरेका छन् ।

# इरानमा 'आतंकवादी' आक्रमण, १० प्रहरीको मृत्यु



**काठमाडौं/एजेन्सी–** लामो समयदेखि अशान्तिले ग्रस्त रहेको दक्षिणपूर्वी इरानको एउटा क्षेत्रमा भएको 'आतंकवादी' आक्रमणमा कम्तीमा १० प्रहरी अधिकारीको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले शनिबार जानकारी दिएका छन् ।

आक्रमण राजधानी तेहरानबाट करिब एक हजार २०० किलोमिटर (७४५ माइल) दक्षिणपूर्वमा सिस्तान-बलुचिस्तान प्रान्तमा भएको उक्त आक्रमणको तत्काल कुनै समूहले जिम्मेवारी लिएको छैन ।

सिस्तान-बलुचिस्तान प्रान्त पाकिस्तान र अफगानिस्तानको सिमानामा पर्छ र इस्लामिक गणतन्त्रको सबैभन्दा गरिब प्रान्तमध्ये एक हो । यस प्रान्तमा इरानी सुरक्षा बल र बलुच अल्पसंख्यक विद्रोही, कट्टरपन्थी सुन्नी समूह र लागूऔषध तस्करबीच बारम्बार झडपहरू भइरहेका छन् ।

शनिबारको आक्रमण पछिल्ला महिनाहरूमा यस क्षेत्रमा भएको सबैभन्दा घातक आक्रमणमध्ये एक थियो । अक्टोबरको शुरुमा दुईवटा छुट्टाछुट्टै आक्रमणमा प्रान्तमा प्रहरी अधिकारीसहित कम्तीमा छ जनाको मृत्यु भएको थियो ।

पाकिस्तानी सुन्नी जिहादी समूह जैश अल-अदल-आर्मी अफ जस्टिस इन अरेबिकले टेलिग्राममा सन्देश पठाउँदै दुई आक्रमणको जिम्मेवारी लिएको छ । सन् २०१२ मा बलुच पृथकतावादीहरूले गठन गरेको समूहलाई इरान र संयुक्त राज्य अमेरिका दुवैले आतंकवादी संगठन मान्छन् ।

मेहर एजेन्सीका अनुसार जनवरीको मध्यमा इरानबाट पाकिस्तानमा आक्रमण भएको थियो उक्त आक्रमणमा जैश अल-अदल मुख्यालयलाई निशाना बनाएको थियो ।


## साउदीमा रोजगार

कम्पनी: KHAMIS AL SHARJAH CONTRACTING CO
पूर्व स्वीकृत मितिः २०८१/०७/०९
चलानी नं.: ६०२२७१६८
शहर : saudi arabia
LT. No.: 312728

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver Truck/Trailer | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक १७ गते (2 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.
Exclusive Human Resource Company
सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm


## Government of Nepal
## Chhabispathibhera Rural Municipality
**Byansi, Bajhang**
**Sudurpaschim Province, Nepal**

**Inivitation for Online Bids**

**Date of Publication ( Oct 27, 2024)**

1. The Chhabispathibhera Rural Municipality Byansi Bajhang invites Online Bid Form eligible bidder for the construction of the following works.

| Contrect idenification no | Description of work | Estimated Amount (Exclusive (VAT ) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| CPRMBJH/NCB/ W/S/03-2081-082 | Narkhet Irrigation Canal Construction works | 64,66,463 | 3000 | 1,62,000 | 120 Days | |

2. Eligible Bidders may obtain further information form PPMO website:www.bolpatra.gov.np/egp.

| Last Date and Time for Bid Purchase | Lasta Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: Nov 26,2024 12:00 | Date: Nov 26 ,2024 12:00 | Date: Nov 26 ,2024 13:00 |

| Cash Deposit for Purchases of bid Document | | Cash Deposite for Bid Security | |
|---|---|---|---|
| Bank | Kumari Bank LTD Byansi, Bajhang | Bank | Kumari Bank Byansi ,Bajhang |
| Account Name | Chhabispathibhera Rural Municipality | Account Name | Chhabispathibhera Rural Municipality |
| Account Number | 0900037897600022 | Account Number | 0900037897600003 |
| Office code | 801077006 | Office code | 801077006 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

**Chief Administrative Officer**

## कान्ति बाल अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८१/०७/११ गते)**

बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३ स्थित महाराजगंजमा शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्नका लागि प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शहरी विकास तथा भवन निर्माण विभाग<br>केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)<br>बबरमहल, काठमाडौँ, नेपाल<br>फोन नं.: ०१-४२२१४३७, ०१-४२५१७९५, ईमेलः moudclpiu@gmail.com |
| **प्रस्तावको व्यहोरा** | बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३ मा हाल ३७४ शैय्याको कान्ति बाल अस्पताल सञ्चालनमा रहेको छ । शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) ले यस अस्पतालमा ६२६ शैय्या थप गरी कुल १००० शैय्यामा स्तरोन्नति गर्नका लागि कान्ति बाल अस्पतालको भवन पुनर्निर्माण गर्ने कार्य प्रस्ताव गरेको छ । स्तरोन्नति पश्चात् अस्पतालको कुल Built–up Area ७६८०९.४१ वर्गमिटर हुनेछ । जसमा बेसमेन्ट र भुई तल्ला बाहेक ६ तल्ले मुख्य ३ वटा अस्पताल भवनहरु निर्माण गरिने छन । मुख्य भवन बाहेक थप १ वटा एकेडेमिक भवन र १ वटा होस्टेल भवन निर्माण गरिने छ । प्रस्तावित अस्पतालले प्रदान गर्ने सेवाहरु :<br>**विशेषज्ञ बाल रोग बहिरङ्ग सेवाः** बाल मेडिसिन, बाल सर्जरी, दन्त रोग, चर्म रोग, श्वासप्रश्वास, नाक कान घाँटी, हाड जोर्नी, स्नायु, इन्डोक्राइन, मधुमेह, ग्यास्ट्रोलोजी, युरोलोजी, कार्डियोलोजी, हाइरिस्क बाल रोग, नेफ्रोलोजी, ओन्कोलोजी, ओन्कोलोजी दिवा सेवा, ए.आर.भी. डट, पोषण, फिजियोथेरापी, बाल मनोचिकित्सा सेवा, खोप सेवा र अन्य सेवाहरु<br>**अन्तरङ्ग सेवाः** मेडिकल वार्ड, सर्जिकल वार्ड, अपरेशन थिएटर, बर्न वार्ड, ओन्कोलोजी वार्ड, NICU, PICU, SICU, NIMCU, PIMCU, HDU, दन्त रोग, चर्म रोग, श्वासप्रश्वास, नाक कान घाँटी, हाडजोर्नी, स्नायु, इन्डोक्राइन, मधुमेह, ग्यास्ट्रोलोजी, युरोलोजी, कार्डियोलोजी, हाइरिस्क बाल रोग, नेफ्रोलोजी, ओन्कोलोजी, पोषण, बाल मनोचिकित्सा सेवा र अन्य सेवाहरु<br>**निदानात्मक सेवाः** एक्स-रे, सिटि स्क्यान, एम आर आइ, USG, इ.सि.जि., इ.इ.जि., इन्डोसकोपी (ग्यास्ट्रोकोपी, कोलोनोस्कोपी, ब्रोंकस्कोपी), प्याथोलोजी सेवा, (इम्युनोलोजी, प्यार ासाइटोलोजी, बायोकेमेस्ट्री, माइक्रोबायोलोजो, हेमाटोलोजी, जिन एक्स्पर्ट, मोलेक्युलर, हिस्टोप्याथोलोजी, ब्लड बैंक) र २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी सम्बन्धी सेवाहरु रहेका छन् ।<br>**शैक्षिक सेवाः** बाल रोग सम्बन्धी स्नातक, स्नातकोत्तर र अन्य विषयमा अध्ययन अध्यापन गरिने, बाल रोग सम्बन्धी अन्तराष्ट्रिय शैक्षिक संस्थाबाट सञ्चालन गरिने परिक्षाको आधिकारिक केन्द्र<br>**अनुसन्धान केन्द्रः** बाल रोग सम्बन्धी अनुसन्धान मुलक कार्य गरिने |
| **प्रभाव पर्ने प्रदेश/जिल्ला/म.न.पा./वडा** | बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना | अस्पतालको नाम र ठेगाना |
|---|---|---|
| श्री शहरी बिकास तथा भवन निर्माण विभाग केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बबरमहल, काठमाडौं फोन नं.: ०१-४२२१४३७, ०१-४२५१७९५, ईमेलः moudclpiu@gmail.com | श्री आमाता औरा कन्स्ल्ट प्रा. लि. कटुन्जे, भक्तपुर मोबाईल नं.: ९८४१७२१६८७ ईमेलः aamataauraconsult@gmail.com | श्री कान्ति बाल अस्पताल महाराजगंज, काठमाडौं फोन नं.: ०१-४५१३३९८ ईमेलःkantikch@gmail.com |

**आयोजना निर्देशक**

## Swamikartik Khaper Rural Muncipality
## Office of the Rural Municipal Executive
**Suijiula Wai Bajura,**
**Sudurpaschim province, Nepal**

**Invitation For E-Bids**

**Date : 2081/07/11**

Swami Kartik Khaper Rural Muncipality ,Suijiula Wai Bajura Invites electronics bids from duly eligiable bidders under National Compatitive Bidding (NCB) For Contract for works. All further information and bid documents can Be inspected by visting the PPMO's Website www.bolpatra.gov.np.egp

| S. N. | Contract Id. No. | Name of Project | Bid Security Amount (NRs). | Bid Validity Period | Bid document Amount (NRs) | Bank Account description |
|---|---|---|---|---|---|---|
| 1 | SKKRM/NCB/WORK/01/2080/081 | The Construction of the Building for Agriculture Promotion Center | 12,00,000 | 150 days | 10,000 | Swamikartik Antarik Rajawa (revenue) Account: 07108996600010 Deposited (Dharauti) Account as 07108996600026 |

## Bedkot Municipality
## Office of Municipal Executive
**Sisaiya, Kanchanpur**
**Sudurpakshim Province, Nepal**

**Invitation For Bids**

**Date of publication: 27-10-2024 (2081-07-11)**

1. Bedkot Municipality, Kanchanpur invites electronic bids from Nepalese eligible bidders for the construction of Construction of Ward Office Building, Bedkot-06, Kanchanpur works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bedkot Municipality, Kanchanpur, Sudoor Pachism Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract no./ ID | Description of Works | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| BED/NCB/ BW/081/82-03 | Construction of Ward Office Building, Bedkot-06, Kanchanpur | 68,82,525.44/- | 1,98,000/- | Rs. 3,000/- |

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: NIC Asia Bank Ltd.
Name of the Office: Bedkot Municipality, Kanchanpur
Office Code no: 801077603
Office Account no : 1852050028240002
Rajaswa (revenue) Shirshak no: GA-1-1

3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-11-2024 12:00 at the office of Bedkot Municipality, Kanchanpur.
4. Electronic bids must be submitted to the office Bedkot Municipality, Kanchanpur, Sudoor Pachism Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 26-11-2024 12:00. Bids received after this deadline will be rejected.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## ‘अग्निदहन’को गीत ‘दाइ दाइ नभन मलाई’ सार्वजनिक



**काठमाडौं/मस–** बोक्सीको अन्धविश्वासविरुद्ध निर्माण गरिएको फिल्म ‘अग्निदहन’को ‘दाइ दाइ नभन मलाई’ बोलको नयाँ गीत सार्वजनिक भएको छ। सार्वजनिक गीतमा पार्वती जिसी र तुलसी क्षेत्रीको स्वर रहेको छ। परशुराम अधिकारीको संगीत रहेको गीतमा लोकमणि पौडेलको रचना रहेको छ।

धर्मेन्द्र पौडेलले केरियोग्राफी गरेको गीतको भिडियोमा अनुपमा भण्डारी, प्रमिला तुलाचन, रमा त्रिपाठी, सनिशा भट्टराई, तुलसी क्षेत्री, सरला कुमारी पाण्डे, प्रसिना आचार्य लगायत रहेका छन्।

विवाहको सेटअपमा तयार परिएको ‘दाइ दाइ नभन’ रत्यौली खेल्दै गाइने भ्याउरे पाराको गीत रहेको छ। भिडियोमा पश्चिमाञ्चल क्षेत्र वरपर प्रचलनमा रहेको यस रत्यौलीमा छोरी मान्छे लोग्ने मान्छे बनेर नाच्ने प्रचलन देख्न पाइन्छ। जसलाई ‘लुठो’ बन्ने भन्ने गरिन्छ। भिडियोमा रमा त्रिपाठी लूठो बनेकी छन्।

साहित्यकार तथा पत्रकार लोकमणि पौडेलको उपन्यास ‘ अग्निदहन’मा आधारित रहेर निर्माण गरिएको शिक्षामूलक सामाजिक यो फिल्म आगामी मंसिर ७ गते रिलिज हुँदैछ।

यस फिल्मलाई मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले निर्माण गरेको हो। यो संस्था बोक्सी कुप्रथालाई शिक्षा र चेतनाको माध्यमद्वारा अन्त्य गरी नेपाललाई बोक्सी कुप्रथाको अन्धविश्वासबाट मुक्त गराएरै छोड्ने अठोटका साथ २०७१ सालमा स्थापना गरिएको हो।

फिल्ममा घनश्याम लामिछानेको निर्देशन छ। निर्देशक लामिछाने एउटा डरलाग्दो विषयलाई फिल्ममा उठान गरिएको बताउँछन्।

‘फिल्ममा थ्रिल, सस्पेन्स सबै छ। उपन्यासलाई हामीले सिनेम्याटिक तवरबाट फिल्ममा उतारेका छौं। फिल्ममा दर्शकले सन्देश र उत्सुकता दुवै पाउनुहुनेछ’, उनी भन्छन्। मान्छे कोही पनि बोक्सी हुँदैन भन्ने सोचलाई देशव्यापी रुपमा अभियानको रुपमा अगाडि बढाउन फिल्म निर्माण गरिएको उनको भनाइ छ।

फिल्मका परिकल्पनाकार कोविदशरण उपाध्यायले फिल्मलाई तराईका जिल्लामा प्रदर्शन गराउनका लागि मैथिली र भोजपुरी भाषामा समेत डबिङ गरिएको बताएका छन्। उनका अनुसार फिल्म अंग्रेजी भाषामा पनि सबटाइटल गरिएको छ।

मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानका अध्यक्षसमेत रहेका कोविदचरण उपाध्यायले नेपालमा बोक्सी प्रथा उन्मुलनका लागि यो फिल्म बनाइएको बताए।

संस्थागत रूपमा निर्माण गरिएको फिल्म भएकाले यस निर्माता कोही पनि नरहेको प्रतिष्ठानका अध्यक्ष उपाध्यय बताउँछन्। यस फिल्मको विशिष्ट संरक्षकको रूपमा भुवनेश्वर पौडेल र मोहन राज पौडेल रहेका छन्।

फिल्मको मुख्य भूमिकामा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु वास्तोला, ताराबहादुर गुरुङको अभिनय छ।

फिल्ममा लोकमणि पौडेलको कथा, पटकथा र संवाद, कोविदशरण उपाध्यायको परिकल्पना, परिच्छेद सेनको मुख्य सहायक निर्देशन, शंकर पाण्डेको प्रोडक्सन डिजाइन, दीर्घ गुरुङको छायांकन, दीर्घ खड्काको सम्पादन, राजेन्द्र मोक्तानको रंग संयोजन छ।

चलचित्र विकास बोर्डले ‘विशेष चलचित्र अवार्ड’ समेत दिइसकेको यो फिल्मलाई निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले हेरिसकेका छन्।

यस्तै, केही समय अघि यो फिल्म भारतको बिहारस्थित सीतामढीमा कमाण्डेन्ट अफ एसएसबी-२० औं बटालियनमा बटालियन प्रमुख गिरीशचन्द्र पाण्डेय र फिल्मको निर्माण पक्षको उपस्थितिमा प्रदर्शन गरिएको थियो।

---

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०७/११**

यस वित्तीय संस्थाको शाखा कार्यालय बुटवलबाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपशिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सुचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा ०८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकार वालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपशिल**

| **१. ऋणीको विवरण** | |
|---|---|
| **कर्जाको प्रकार : व्यवसाय अधिविकर्ष कर्जा**<br>**ऋणीको नाम :** नेपाल सरकार वाणिज्य मन्त्रालय वाणिज्य विभाग वाणिज्य कार्यालय रुपन्देहीमा मिति २०६६/०४/१५ गते, प्रा.फ.र.नं : ३७९०८/०७३ मा दर्ता भएको स्थायी लेखा नं. ३०३६०२०८६ भई रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १३, स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री सिद्ध जगते सप्लायर्स।**<br>**(प्रोप्राइटरको नाम : कुमार सुनार)** | |
| **व्यक्तिगत जमानी दिनेहरुको विवरण** | |
| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : कुमार सुनार**<br>बाबु : तारा बहादुर सुनार<br>बाजे : लाल बहादुर सुनार<br>ना.प्र.नं. : ८१६३६<br>जारी मिति : २०६२/०४/१७, जि.प्र.का : नवलपरासी<br>ठेगाना : नवलपरासी जिल्ला, स्वाठी गा.वि.स वडा नं. ०५, को परिवर्तित नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०५ ।<br>हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११, देविनगर । | **व्यक्तिगत जमानिकर्ता : ज्ञानु सुनार**<br>बाबु : मन बहादुर विश्वकर्मा<br>पति : कुमार सुनार<br>ना.प्र.नं. : ७३८२०<br>जारी मिति : २०६०/०९/०६, जि.प्र.का : नवलपरासी<br>ठेगाना : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३ । |
| **धितो सुरक्षणको विवरण** | |
| श्रीमती ज्ञानु विश्वकर्माको नाममा मा.पो.का बुटवल रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन न.पा/गा.वि.स वडा नं. ३, नक्सा सिट नं. ३भ्क स्थित कि.नं. २४१० को क्षेत्रफल क्रमश ०-०-५-० (८४.६६ व.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |

**शर्तहरुः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।

२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ।

३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।

४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/०७/२१।

---

## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लेटाङ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### करार पदपूर्ति सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८१/०७/११**

लेटाङ नगरपालिका अन्तरगत लेटाङ नगर अस्पतालका लागि तपसिल बमोजिमको पद र संख्यामा खुल्ला प्रतिस्प्रधाबाट सेवा करारमा पदपूर्तिका लागि निम्नबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र मागबमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित स्वयं उपस्थित भई आवेदन दर्ता पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | बिज्ञापन नं. | पद/तह | माग संख्या | शैक्षिक योग्यता | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| १ | ०६/२०८१/८२ खुल्ला | फार्मेसी सहायक (सहायकस्तर पाँचौं) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट डि. फार्मेसी (फार्मेसी विषयमा प्रविणता प्रमाण पत्र तह) उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा दर्ता भएको। | ५००।- |

**१. आवश्यक कागजातहरूः**
क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
ख) शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि (नेपाल बाहिरको प्रमाण पत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता गरिएको प्रमाणपत्रको प्रतिलिपि)।
ग) पासपोर्ट साइजको फोटो।

**२. परीक्षा केन्द्र :** लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लेटाङ मोरङ

**३. दरखास्त दिने अन्तिम मिति :** २०८१/०७/२५ गते कार्यालय समय भित्र उक्त दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन।

**४. परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता

**५. पाठ्यक्रम :** प्रदेश लोकसेवा आयोग, कोशी प्रदेशको फार्मेसी सहायक (सहायकस्तर पाँचौं) पदको पाठ्यक्रमअनुसार।

**६. सेवा सुविधा :** लेटाङ नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले तोके बमोजिम।

**७. करार अवधि :** लेटाङ नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले तोके बमोजिम।

**नोट :** आवेदन फारम www.letangmun.gov.np र पाठ्यक्रम लोकसेवा आयोग कोशी प्रदेशबाट Download गर्न सकिने छ अन्य थप जानकारीका लागि लेटाङ नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## Barju Rural Municipality
## Office of Rural Municipality Executive
**Amahibelha, Sunsari**
**koshi Province, Nepal**

### Invitation for Electronic Bids

